# प्रभाव दैनिक
National Daily

पत्रिका नआएमा, ठेगाना परिवर्तन भएमा वा अन्य कुनै गुनासो/जिज्ञासा भएमा निम्न माध्यमबाट हामीलाई तत्काल सम्पर्क गर्न हुन अनुरोध गरिन्छ ।

प्रभाव पब्लिकेशन प्रा.लि.
सिफल–७, काठमाडौं
०१–४३७३५७७/९७६१८१५४०००/९८४११५१२१७/९८४१२४६२६९
marketing2prabhab@gmail.com

वर्ष १० | अंक १७२ | काठमाडौं | बिहीबार, २५ असोज २०८० | Prabhab National Daily | Thursday, October 12, 2023 | www.prabhabonline.com | पृष्ठ ८ | मूल्य रू. ५।–


सहकारी सञ्चालकको प्रभावमा संसदीय समिति

# हटाइयो २५ लाखको बचत सीमा

- सरकारले ल्याएको विधेयकमा सहकारी संस्थामा व्यक्तिगत बचतको सीमा २५ लाखमात्र
- सहकारीमा निक्षेपको बचत सीमा तोक्न नदिन अधिकांश एमाले सांसदको संशोधन प्रस्ताव
- कांग्रेस सांसदको पनि समर्थनपछि सरकारद्वारा प्रस्तावित विधेयकको बुँदा नै हटाउन समितिको सुझाव

■ **प्रभाव संवाददाता**

**काठमाडौं–** संसदीय समिति नै सहकारी सञ्चालकको प्रभावमा परेको देखिएको छ । प्रतिनिधिसभाअन्तर्गतको कानुन, न्याय तथा मानवअधिकार समितिले सहकारी सञ्चालकको स्वार्थअनुकूल सहकारी संस्थामा गरिने बचतको सीमा हटाउने निर्णय गरेको हो ।

बुधबार सिंहदरबारस्थित संसदीय दलको कार्यालयमा बसेको बैठकले सहकारीमा बचतको सीमा नराख्ने गरी निर्णय पारित गरेको समितिकी सभापति विमला सुवेदीले जानकारी दिइन् । 'सहकारीबारे संसद्मा दर्ता भएको सम्पत्ति शुद्धीकरणसम्बन्धी संशोधन गर्न बनेको विधेयकमा २५ लाख रूपैयाँ सीमा तोक्ने प्रस्ताव छ, यसलाई समितिले हटाउने प्रस्ताव गरेको हो,' बैठकको निर्णय सुनाउँदै सुवेदीले बताइन् ।

सरकारले २०७९ माघ २७ गते संसद्मा दर्ता गरेको सम्पत्ति शुद्धीकरण निवारण तथा व्यावसायिक वातावरण प्रवर्द्धनसम्बन्धी केही ऐनलाई संशोधन गर्न बनेको विधेयकको १८औं बुँदामा सहकारी ऐन, २०७४ मा संशोधनबारे उल्लेख छ । यसको दोस्रो नम्बरमा व्यक्तिगत बचतको सीमा २५ लाख रूपैयाँ नबढ्ने गरी उल्लेख गरिएको छ । यस विषयमा सांसदहरूले संशोधन हालेपछि समितिले गत भदौ १९ गते सांसद रञ्जुकुमारी झाको संयोजकत्वमा ११ सदस्यीय उपसमिति गठन गरी दफावार छलफल गरेको थियो । उपसमितिले सरोकारवाला, विज्ञ र सांसदहरूसँगसमेत छलफल गर्दा बचत सीमाबारे भने कुनै निर्णय लिन सकेन ।

उपसमितिमा सहकारीसम्बद्ध व्यवसायीले सबै सहकारी संस्था खराब नभएको भन्दै बचत सीमा नतोक्न आग्रह गरेका थिए । नेकपा एमालेबाट सदस्य रहेका सांसदहरूले पनि २५ लाख रूपैयाँको सीमा हटाउनुपर्ने जोडबल गरेका थिए । तर, सहकारी सञ्चालकहरू बदमास बन्दै जाँदा अहिले समस्या सिर्जना भएको दाबी गर्दै कानुन मन्त्रालय र केही सांसदहरूले बचतको सीमा अझै घटाउनुपर्ने माग गरेका थिए । यो विषयमा सहमत हुन नसकेपछि उपसमितिले समितिलाई नै जिम्मा लगाउनेगरी मंगलबार प्रतिवेदन बुझाएको हो ।

### संशोधन मुद्दामा एमाले सफल

सहकारीमा निक्षेपको बचत सीमा तोक्न नदिन संशोधन हाल्ने अधिकांश सांसद एमाले थिए । एमाले सचेतक महेश बर्तौलादेखि लिलानाथ श्रेष्ठ, प्रेमबहादुर महर्जन, तारा लामा तामाङलगायतले यही बुँदामा आपत्ति जनाउँदै संशोधन हालेका थिए । एमाले सचेतक बर्तौलाको जोड थियो, 'भाटभटेनीमा यतिको मात्र सामान किन भनेर तोक्न मिल्छ र ? त्यसैले बचतको सीमा तोक्नु मौलिक हक विरोधी काम भयो ।'

कालो धन सहकारीमा बचत गर्ने क्रम बढेको निष्कर्षमा सरकारले विधेयकमा २५ लाखको सीमा प्रस्ताव गरेको थियो । देशभर हाल करिब ३५ हजार सहकारी छन् । धेरैजसो सहकारीमा एमालेका नेता तथा कार्यकर्ता आबद्ध छन् । त्यही कारण एमालेले आफ्ना सांसदलाई बचतमा सीमा तोक्ने प्रस्तावको विपक्षमा उभ्याएको हो ।

एमाले सांसदहरूले बचतमा सीमा तोक्नुको साटो राष्ट्र बैंकले नियमन गर्नुपर्नेमा जोड दिएका थिए । यो विषयमा कांग्रेस सांसदहरू पनि एमालेको पछिपछि लागेका छन् । '२५ लाख निक्षेपको सीमा घटाउनुभन्दा नियमन बढाऊ । यहाँ स्थानीय तहका लागि मापदण्ड बनाऊ ।

(बाँकी पृष्ठ २ मा)

# अख्तियारको आँखा एनजिओदेखि हङकङसम्म



बुधबार सिंहदरबारमा बसेको राज्य व्यवस्था तथा सुशासन समितिको बैठक र उक्त बैठकमा सांसदहरूको प्रश्नको जवाफ दिँदै अख्तियार प्रमुख प्रेमकुमार राई । *तस्बिरः रासस*

मन्त्री र सांसदहरूलाई पढायो भने मन्त्रालय कसरी चल्छ भन्ने कुरा थाहा हुने थियो । जनप्रतिनिधिलाई ७–१० दिनको तालिम दिनुपर्छ ।

■ **प्रेमकुमार राई**
**अख्तियार प्रमुख**

अख्तियारलाई अधिकार नदिने हो भने जे निर्णय पनि मन्त्रिपरिषद्बाट गर्ने अवस्था छ । दिने हो भने 'सुपर सरकार' अख्तियार हुने हो कि ? लोकमानसिंहले त दुरुपयोग गर्नुभयो ।

■ **रघुजी पन्त**
**एमाले सांसद**

अख्तियार असफलतातर्फ उन्मुख छ । यत्रो संवैधानिक नियुक्ति हुँदा न डर न भर छ अख्तियारको । भ्रष्टाचार गर्नेलाई डर र सुशासन गर्नेलाई भर हुनुपर्‍यो अख्तियारको ।

■ **रवि लामिछाने**
**सभापति, रास्वपा**

■ **प्रभाव संवाददाता**

**काठमाडौं–** अख्तियार दुरूपयोग अनुसन्धान आयोगका प्रमुख आयुक्त प्रेमकुमार राईले भ्रष्टाचार मुद्दामा अनुसन्धान गर्न दायरा फराकिलो बनाउनुपर्ने प्रस्ताव राखेका छन् । प्रतिनिधिसभाअन्तर्गतको राज्य व्यवस्था तथा सुशासन समितिमा अख्तियार दुरूपयोग अनुसन्धान ऐन २०४८ लाई संशोधन गर्न संसद्मा दर्ता भएको विधेयकमाथिको छलफलका क्रममा राईले उक्त प्रस्ताव राखेका हुन् ।

भ्रष्टाचारको शैली नै फेरिएको अवस्थामा भ्रष्टाचारीलाई पुरानो ऐनले कारबाही नै गर्न नमिलिरहेको राईको तर्क थियो । 'भ्रष्टाचारको स्वरूप कस्तो भइसक्यो भने पैसा अर्कैले लिन्छ, सार्वजनिक पदधारण गरेकाले लिन्न । भन्सार एजेण्ट, बिचौलियाले लिन्छन्,' प्रमुख आयुक्त राईले भने, 'ऐनले एजेण्ट र बिचौलियालाई चिन्दैन ।'

मिलेमतोमा हुने मुद्दामा अख्तियार नै फस्ने खालको मुद्दाहरू झेल्नुपरेको राईको भनाइ थियो । 'मिलेमतोमा ठेक्का लिन्छन् । यसमा कारबाही गर्ने दफा नै भेटिँदैन,' राईले भने, 'दिनदहाडै घूस लेनदेन हुँदा पनि कारबाही गर्न मिल्दैन । अदालत पुगेपछि सापटी भनेर बयान फेरिदिन्छन् ।'

निजी कम्पनी र गैरसरकारी संस्थालाई पनि नेपाल सरकारले अनुदान दिने गरेको उल्लेख गर्दै प्रमुख आयुक्त राईले गैरसरकारी संस्थाहरूलाई अख्तियारको दायरामा ल्याउनुपर्ने बताए । राईले भ्रष्टाचारको डिल नेपालबाहिर हुन थालेकोले कारबाही गर्न झनै मुस्किल हुन थालेको बताए ।

'सिंगापुर, हङकङ र युएईमा डिलिङ हुन थालेको छ,' राईले समितिमा भने, 'इन्फरमेसन हुन्छ । हामीले सम्बन्धित देशमा पत्राचार गर्छौं । तर द्विपक्षीय सम्झौता नभएको भन्दै उनीहरूले दिन खोज्दैनन् ।' राईले नीतिगत निर्णयमा पनि अख्तियारको दायरा बढाउनुपर्ने प्रस्ताव राखे ।

### अख्तियार असफलतातर्फ लागेको सांसदहरूको आरोप

तर, सांसदहरूले भने अख्तियार असफलतातिर लागिसकेको आरोप लगाए । समितिमा राष्ट्रिय स्वतन्त्र पार्टीका सांसद रवि लामिछानेले अख्तियार असफलतातिर लागिसकेको र अख्तियारले विशेष अदालतमा दायर गरेको मुद्दामा ६० प्रतिशत दोषी नहुने गरेको तथ्यांक प्रस्तुत गरे । 'अख्तियार असफलतातर्फ उन्मुख छ ।

(बाँकी पृष्ठ २ मा)

**सन्दर्भ : वैदेशिक रोजगार**

नेपाल–जर्मनी श्रम समझदारी

# शून्य लागतमा प्रशिक्षार्थी श्रमिक लैजाने



■ **प्रभाव संवाददाता**

**काठमाडौं–** नेपालबाट शून्य लागतमा श्रमिक लैजाने गरी नेपाल र जर्मनीबीच श्रम समझदारी भएको छ । जर्मनीका नागरिकसरह सेवा सुविधा पाउनेगरी शून्य लागतमै नेपालबाट प्रशिक्षार्थी श्रमिक लैजाने गरी दक्ष श्रम आप्रवासन तथा ज्ञान आदानप्रदानसम्बन्धी संयुक्त घोषणापत्र (ज्वाइन्ट डिक्लेरेसन अफ इन्टेन्ट)मा मंगलबार द्विपक्षीय हस्ताक्षर भएको हो ।

नेपाल सरकारका तर्फबाट श्रम, रोजगार तथा सामाजिक सुरक्षामन्त्री शरतसिंह भण्डारी र जर्मनी सरकारको तर्फबाट श्रम तथा सामाजिक मामिला मन्त्रालयका उपमन्त्री लियोइ गेबर्सको उपस्थितिमा जर्मनीका लागि नेपाली राजदूत रामकाजी खड्का र जर्मन फेडेरल इम्प्लोइमेन्ट एजेन्सीका निर्देशक मिचेल भानडेर क्यामेनले समझदारीपत्रमा हस्ताक्षर गरेका छन् । यसअघि गत शुक्रबार युरोपेली मुलुक रोमानियासँग पनि श्रममन्त्री भण्डारी नेतृत्वमा द्विपक्षीय श्रम समझदारीपत्रमा हस्ताक्षर भइसकेको छ ।

समझदारीअनुसार नेपाली श्रमिकले अनलाइन प्रणालीबाट आवेदन पेस गरी आवश्यक प्रक्रिया पूरा गरेर एक वर्ष प्रशिक्षार्थी श्रमिकका रूपमा जर्मनी जान सक्ने छन् । जर्मनी जान छनोट भएका प्रशिक्षार्थी श्रमिकले आफ्नो रुचि र क्षमताअनुसार एक वर्ष सीपमूलक व्यावसायिक तालिम सिकेरमात्रै सम्बन्धित क्षेत्रमा काम पाइने समझदारीपत्रमा उल्लेख छ । श्रमिक भर्नाका लागि विशेष क्षेत्र उल्लेख नगरिए पनि आवश्यकताका आधारमा आवेदन माग गरी रोजगारीका सबै क्षेत्रमा पठाउन सकिने समझदारी भएको मन्त्रालयका सहसचिव राजिव पोखरेलले जानकारी दिए ।

जर्मनीको आन्तरिक श्रम कानुनले त्यहाँ काम गर्ने श्रमिकलाई दिएको अधिकार विश्वमै उदाहरणीय रहेको भन्दै उनले नेपालसहित अन्य आप्रवासी श्रमिकले पनि त्यहाँका नागरिकसरह सेवा सुविधा पाउने व्यवस्था रहेको बताए । त्यस्तै प्रशिक्षार्थी श्रमिकले तालिम अवधिभर निश्चित पारिश्रमिकसमेत पाउने छन् ।

(बाँकी पृष्ठ २ मा)

# कर्मचारीका लागि अरेबियन भाषा कक्षा

**काठमाडौं (प्रस)–** वैदेशिक रोजगार कार्यालय ताहाचलले कर्मचारीहरूका लागि १५ दिनको अरेबियन भाषा कक्षा सञ्चालन गरेको छ । वैदेशिक रोजगारीमा विदेश जाने नेपाली श्रमिकहरूको धेरै श्रम गन्तव्य अरेबियन मुलुकहरू रहेको भन्दै सहजीकरणका लागि कर्मचारीहरूलाई लक्षित गर्दै अरेबियन भाषा कक्षा सञ्चालन गरिएको कार्यालयले जनाएको छ ।

भाषा कक्षामा कार्यालयका कर्मचारीका अलवा श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय र वैदेशिक रोजगार विभागमा कार्यरत कर्मचारीसमेत रहेको कार्यालयले जनाएको छ । अरेबियन भाषा कक्षाबाट कर्मचारीहरूको दक्षता अभिवृद्धि हुनुका साथै भविष्यमा श्रम स्वीकृतिलगायतका कार्यमा भिसा जाँच, मागपत्र अध्ययन र भिसामा उल्लेख गरिएको पेसा जाँच गर्न सहज हुने बताइएको छ ।

भाषा कक्षा सञ्चालनबाट आगामी दिनमा कर्मचारीहरूको कार्यकुशलता अभिवृद्धि हुने कार्यालयले अपेक्षा गरेको छ ।




# इजरायलबाट फर्किने हवाई खर्च सरकारले बेहोर्ने

**काठमाडौं (प्रस)–** सरकारले इजरायलबाट स्वदेश फर्कन चाहने नेपालीको हवाई खर्च बेहोर्ने भएको छ । प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को आजको बैठकले नेपाल वायुसेवा निगमको चार्टर्ड उडानबाट इजरायलमा रहेका नेपालीलाई स्वदेश ल्याउने निर्णय गरेको छ । बैठकले परराष्ट्रमन्त्री नारायणप्रकाश साउदलाई चार्टर्ड उडानबाट इजरायल पठाएर उद्धारलगायत अन्य कूटनीतिक कामको अनुगमन एवं समन्वय गर्ने अधिकार प्रत्यायोजन गरेको छ ।

कानुन, न्याय तथा संसदीय मामिलामन्त्री धनराज गुरुङका अनुसार नेपाल वायुसेवा निगमको विमान बुधबार राति इजरायलतर्फ प्रस्थान गर्नेछ। यसअघि प्रधानमन्त्री पुष्पकमल दाहालले संस्कृति पर्यटन तथा नागरिक उड्डयनमन्त्री सुदन किरातीलाई उद्धार उडान इजरायलतर्फ पठाउने व्यवस्था गर्न निर्देशन दिएका थिए ।

# महराका छोरा राहुलसहित चार जनाविरुद्ध मुद्दा

**काठमाडौं (प्रस)–** विद्युतीय चुरोट (भेप) मा लुकाएर सुन तस्करी गरेको आरोपमा पूर्वसभामुख कृष्णबहादुर महराका छोरा राहुल (रेशमबहादुर)सहित चार जनाविरुद्ध बुधबार काठमाडौं जिल्ला अदालतमा मुद्दा दर्ता भएको छ । संगठित अपराध, भन्सार छलीलगायत कसूर गरेको आरोपमा निजविरुद्ध मुद्दा दायर गरिएको जिल्ला सरकारी वकिल कार्यालयका प्रमुख, सहन्यायाधिवक्ता अच्युतमणि नेउपानेले बताए ।

उक्त कसूर गरेको आरोपमा राहुलसहित काठमाडौंका लोकेन्द्रकुमार पौडेल, कपुरधारा बस्ने बेल्जियमका नागरिक दावा छिरिङ, काठमाडौंको बौद्धका निमा गुरुङविरुद्ध अभियोजन दर्ता भएको सहन्यायाधिवक्ता नेउपानेले बताए । अभियुक्त निमा हाल फरार छन् । दावा ६१ किलो सुन तस्करीका आरोपीसमेत हुन् । अघिल्लो वर्ष २०७९ पुस १० गते दुबईबाट भेपमा लुकाएर करिब नौ किलो सुन तस्करी भएको थियो ।

## अख्तियारको...

पृष्ठ १ बाट जारी

यत्रो संवैधानिक नियुक्ति हुँदा न डर न भर छ अख्तियारको,' लामिछानेले भने, 'भ्रष्टाचार गर्नेलाई डर र सुशासन गर्नेलाई भर हुनुपर्‍यो अख्तियारको ।'

लामिछानेलाई जवाफ दिँदै अख्तियारका आयुक्त किशोर सिलवालले ०७६/७७ सालमा ४३१ मुद्दा अख्तियारले दायर गरेकोमध्ये ३०० वटा 'स्टिङ अपरेसन'को भएको जवाफ दिए । उनले स्टिङ अपरेसन गर्न सर्वोच्च अदालतले रोक लगाएपछि मुद्दा घटेको उल्लेख गरे । 'अख्तियार मुद्दा दर्ता गरेर मात्र प्रभावकारी हुने हो,' सिलवालले प्रश्न गर्दै भने, 'कोभिडका कारण डेढ वर्ष मुद्दा फैसला भएन ।'

लामिछानले लडाकु शिविर, वाइड बडी जहाज खरिद, यती समूहलाई गोकर्ण फरेस्ट रिसोर्ट लिजमा दिएको तथा ओम्नी प्रकरणबारे प्रश्न सोधे । 'वाइड बडीमा चार अर्ब अनियमितता भयो । यसको कारबाही कहाँ पुग्यो ? यती प्रकरण, नेपाल ट्रस्टको, गोकर्ण रिसोर्टको के भयो। ओम्नी प्रकरण के भयो ?' लामिछाने भने, 'फाइल बन्द भए । संसद्को सार्वजनिक लेखा समितिले एन्फाको तत्कालीन अध्यक्षले ५८ करोडको अनियमितता गरेको ठहर गरेको थियो। अख्तियारलाई कारबाही गर्न भनेको थियो के भयो ?'

प्रमुख निर्वाचन आयुक्त राईले लामिछानेको प्रश्नमा भने, 'ठूला विषयको कुरा उठ्यो । ती विषय अनुसन्धानकै क्रममा छन् । मेटेरलाइज नभएसम्म अनुसन्धानकै क्रममा छ ।' समितिमा एमाले सांसद राजेन्द्र राईले अख्तियारले सानो माछालाई मात्र कारबाही गरेको तर ठूलो माछालाई छुट दिन थालेको भन्दै प्रश्न गरे । 'अख्तियारलाई पहिले खत्रै भन्थ्यो । पछि केही हैन भन्ने आयो । अहिले सानोलाई मात्रै कारबाही हुन्छ भन्ने भयो,' सांसद राईले भने ।

### लोकमान प्रवृत्ति दोहोरिने सांसदहरूको आशंका

कांग्रेस सांसद गगन थापाले पनि अख्तियारमा अनुसन्धान गर्ने कर्मचारी मन्त्रालय तथा अन्य ठाउँमा जाँदा काममा प्रश्न उठ्ने अवस्था रहेको बताएका थिए ।

थापाले भागबण्डा, दलगत हस्तक्षेपले अदालतसमेत मुछिएको उल्लेख गर्दै संवैधानिक नियुक्तिमै समस्या भएको बताए । 'त्यो सरकारले र सरकारसँग जोडिएका अन्य निकायले काम कारबाही गर्दै गर्दा अख्तियारको दुरूपयोग होला भनेर त्यो भएको अवस्थामा त्यसलाई रोक्न यो आयोग बनायौं । तर, अपेक्षाकृत परिणाम किन आएन भन्ने सन्दर्भमा यसको जरामै समस्या छ । यसको नियुक्तिमै समस्या छ । यसको नियुक्तिमा यति धेरै दलगत हस्तक्षेप र भागबण्डा भएको छ, पछिल्लो समय अदालत पनि तानिएको छ, मुछिएको छ,' थापाले भने ।

समिति बैठकमा एमाले सांसद रघुजी पन्तले मन्त्रिपरिषद्का निर्णय र नीतिगत निर्णयको अनुसन्धान गर्न अख्तियारलाई दियो भने त्यो 'सुपर सरकार' बन्न सक्ने चिन्ता व्यक्त गरे । 'अख्तियारलाई अधिकार नदिने हो भने जे निर्णय पनि मन्त्रिपरिषद्बाट गर्ने अवस्था छ,' पन्तले भने, 'दिने हो भने सुपर सरकार अख्तियार हुने हो कि ! त्यसमा सन्तुलनकारी के हुन्छ। सरकार कार्यकारी भएकाले सम्पूर्ण निर्णय लिनुपर्छ । त्यसले प्रधानमन्त्रीको कार्यकारी अधिकार कम हुनसक्छ ।'

उनले यसरी अधिकार थप्दै जाने हो भने प्रेमकुमार राई लोकमान सिंह बन्न सक्ने आशंका गरे । 'लोकमानसिंहले त दुरूपयोग गर्नुभयो । कानुन अपर्याप्त हो कि ? कार्यान्वयनको कमी ?,' पन्तले प्रश्न गरे ।

सांसद सर्वेन्द्रनाथ शुक्लाले अख्तियारले जनविश्वास आर्जन गर्नु चुनौतीपूर्ण बन्दै गएको उल्लेख गरे। 'उजुरी परेपछि राजनीतिक हस्तक्षेपले हरतरहले रोक्छ भन्ने चर्चा गाउँगाउँमा छ,' शुक्लाले भने, 'अख्तियारको भरोसा हट्दै गएको छ ।'

२०७६ सालमा केपी ओली सरकारको पालामा दर्ता भएको विधेयकमा राष्ट्रिय सभाले संशोधन गर्दै अख्तियारमा उजुरी परेको तथा अनुसन्धान सुरू भएको पाँच वर्षभित्र अनुसन्धान गरिसक्नुपर्ने व्यवस्था राखेको छ। तर, सांसद थापाले भ्रष्टाचारमा शून्य सहनशीलताको नीति भएकाले त्यस्तो व्यवस्था राख्न नहुने बताए ।

उनले 'ठूला प्रकरणमा अख्तियारले ढाकछोप गर्छ । काखा र पाखा गर्छ' भन्ने धारणा सर्वसाधारणमा बनेको बताए । प्रमुख आयुक्त राईले भने बजेट निर्माणदेखि नै मुलुकमा भ्रष्टाचार हुने गरेको उल्लेख गरे । उनले अध्ययनविना नै योजनाहरू बजेटमा समावेश गरिने त्यसपछि ठेक्का लगाएर मोबिलाइजेसन खर्च दिने कार्यले काम ढिला हुने भ्रष्टाचार सुरू हुने बताए ।

विधेयकमाथि छलफलका लागि निम्त्याइएको भए पनि प्रमुख आयुक्त राईले सांसद र मन्त्रीहरूलाई मन्त्रालय कसरी चल्छ भने कक्षा दिनुपर्ने बताए । 'मन्त्री र सांसदहरूलाई पढायो भने मन्त्रालयको काम थाहा हुन्थ्यो,' राईले भने, 'जनप्रतिनिधिलाई ७-१० दिनको तालिम दिनुपर्छ । पढाऔं । मन्त्रालय कसरी चल्छ भनेर । सय जनाका दरले स्टाफ कलेज बनाएर पढाउनुपर्छ भन्ने मेरो धारणा छ । हामीले पहिला कोर्स पनि बनायौं । तीन दिन पढाउने भनेर ।'

उनले मन्त्रीहरूले मन्त्रालय कसरी चल्छ भन्ने थाहा पाउनुपर्ने बताए। २०७६ सालमा राष्ट्रिय सभामा पेस भएर अघि बढेको विधेयक बल्ल प्रतिनिधिसभाको राज्य व्यवस्था तथा सुशासन समितिमा छलफलमा आइपुगेको हो ।

## हटाइयो ...

पृष्ठ १ बाट जारी

नत्र स्थानीय सरकारले आ-आफ्नो बनाउला ? सिलिङ तोक्ने कुरा अलि भएन । मार्केट इकोनोमीमा यतिमात्र पैसा जम्मा गर्न पाउने भनेर तोक्ने भन्ने हुन्न होला,' बुधबारको बैठकमा कांग्रेस प्रमुख सचेतक रमेश लेखकले भने । लेखकले यति भनेपछि कांग्रेसबाट समितिमा सदस्य रहेकाहरूले यसै विषयमा सहमति जनाए । कांग्रेस सचेतक सुशीला थिङ, सहमहामन्त्री जीवन परियार, नगीना यादवले सही थापेसँगै एमाले सचेतक बर्तौला खुसी देखिए । समितिमा आक्रामक रूपमा प्रस्तुत हुने बर्तौलाले कांग्रेस सांसदहरूको प्रशंसा गर्दै भने, 'यो विषयमाचाहिँ तपाईंहरूले ठीक गर्नुभयो है ।'

### कानुनको सचिवलाई महेशको हप्की

कानुन मन्त्रालयका सचिव उदयराज सापकोटाले बचतको सीमा हुनुपर्ने भन्दै मध्यमार्गी प्रस्ताव राखे समितिमा । 'सेयर संख्याको आधारमा बचत तोकौं, एक लाख रूपैयाँको सेयर भए १५ लाख बचत गर्न पाउने । यसरी ५० लाखसम्म बचत गर्न पाउने व्यवस्था राख्ने कि ?,' सापकोटाले भने ।

दफाबार छलफलका क्रममा सापकोटाले शंकास्पदरूपमा आर्जन गरेको रकम सहकारीमा बचत गर्ने प्रवृत्ति निकै मौलाएकाले त्यसलाई निरुत्साहित गर्न बचतको सीमा जरुरी रहेको बताएका थिए । तर, एमाले सांसद बर्तौलाले यस विषयमा आपत्ति जनाए । 'सांसदहरू सबै हाम्रो संशोधनमा सहमत भइसके । के अब हामीले तपाईंलाई कन्भिन्स गर्नुपर्ने हो ?,' एमालेका सचेतकसमेत रहेका बर्तौला सचिव सापकोटासँग कड्किए ।

यसरी सत्ताधारी दलका सांसदले अन्तिमसम्म अडान लिन नसक्दा एमाले सांसदहरूको मागअनुसार नै समितिले विधेयकलाई अन्तिम रूप दिएको छ । २५ लाखको सीमा हटाइएको छ भने वार्षिक ५० करोड रूपैयाँभन्दा बढीको कारोबार गर्ने सहकारीलाई नेपाल राष्ट्र बैंकले नियमन गर्ने उपसमितिको प्रस्तावलाई समितिको बुधबारको बैठकले सदर गरेको छ। समितिले अन्तिम रूप दिएको प्रतिवेदन प्रतिनिधिसभाको बैठकमा पेस गर्ने तयारी छ। उक्त विधेयक अब सदनमा दफावार छलफलपछि पारितको प्रक्रियामा जाने छ ।


## कुवेतमा वैदेशिक रोजगारको अवसर

कम्पनी : KOTA COFFEE

पूर्व स्वीकृति मिति : २०८०/०६/२४ LT. No.293892 चलानी नं.६०२०९०६८

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब KD | मासिक तलब ने.रू. | ओभर टाइम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Barista | 0 | 2 | 140 | ६००८५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

**अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० कार्तिक २ गते (19th Oct. 2023) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कसले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको मेडिकल खर्च कसले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कसले व्यहोर्ने / कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कसले तिर्ने | कामदारलाई हवाई टिकट कसलेदिने र कति लाग्ने | भिषा शुल्क कसले व्यहोर्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदार आफैंले | बिमा हुने /प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले दिने | रु.७००/- कामदार आफैंले | रोजगारदाताले दिने |

**कल्याणकारी कोषसम्बन्धि व्यवस्था:** रु. १,५००/- कामदार आफैंले **सेवा शुल्क:** निःशुल्क/-

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

ERN EXPRESS RECRUITER NEPAL Govt. License No. 1613/079/080

**EXPRESS RECRUITER NEPAL PVT. LTD**

Dhumbarahi-4, Kathmandu, Nepal, Ph. No: +977-01-5916897,5917897
E-mail : expressrecruiternepal.com, expressrecruiter.nepal@gmail.com


## शून्य...

पृष्ठ १ बाट जारी

तर, सम्झौताअनुसार म्यानपावरमार्फत कामदार पठाउन पाइने छैन । जर्मनीले निजी क्षेत्रबाट श्रमिक नलिने जनाएपछि सरकारले नै पठाउनेगरी सम्झौता गरिएको छ । यद्यपि, नेपाली श्रमिकले जर्मनीमा के-कस्ता सेवासुविधा पाउँछन् भन्ने कुरा समझदारीपत्रमा उल्लेख गरिएको छैन ।

समझदारीपत्रमा हस्ताक्षर गर्नुअघि दुवै मुलुकका उच्चस्तरीय प्रतिनिधिमण्डलबीच बैठक बसेको श्रम मन्त्रालयले जनाएको छ । उक्त बैठकमा नेपाल-जर्मनी द्विपक्षीय सम्बन्ध, दक्ष श्रम आप्रवासन, कानुनी आप्रवासनप्रति नेपालको प्रतिबद्धता, श्रमिकको हित तथा सामाजिक सुरक्षा, जर्मन भाषा तथा व्यावसायिक तालिम र सर्कुलर माइग्रेसनलगायत विषयमा छलफल भएको बताइएको छ ।

दुवै पक्षले पछिल्ला वर्षहरूमा दुई देशबीच बढिरहेको सौहार्द्रपूर्ण सम्बन्धप्रति खुसी व्यक्त गर्दै नेपालबाट जर्मनीमा न्यायोचित र कानुनी श्रम आप्रवासनको मार्गमा संयुक्त घोषणापत्रले महत्त्वपूर्ण योगदान पुग्ने विश्वास लिएको मन्त्रालयले उल्लेख गरेको छ । त्यस्तै जर्मनीमा विदेशी दक्ष कामदार भर्ना गर्ने प्रक्रियालाई सहज बनाउन हाल कार्यान्वयनमा रहेको जर्मन स्किल्ड इमिग्रेसन एक्टले परिणाममुखी काम गरिरहेको बताइएको छ ।

श्रम समझदारीका लागि पुगेको नेपाली प्रतिनिधिमण्डलले अन्तर्राष्ट्रिय श्रम संगठन बर्लिन ब्युरोका निर्देशक डा.एन्नेत्ते नेदरफ्रांकसँग पनि श्रमिकको हकहित, श्रमिकको शोषण तथा ओसारपसारविरुद्धको उपाय, समावेशी वैदेशिक रोजगारी, आप्रवासी कामदारलाई पुनःएकीकरण गर्नेलगायतका विभिन्न श्रमसम्बन्धी विषयमा छलफल गरेको छ । त्यस्तै रोजगारीका सन्दर्भमा जर्मनीको निजी क्षेत्रका प्रतिनिधि र त्यहाँ बसोबास गर्दै आएका नेपालीहरूसँग पनि अन्तरक्रिया गरिएको मन्त्रालयले जनाएको ।

---

**मिक्वाखोला गाउँपालिका**
**गाउँ कार्यपालिकाको कार्यालय**
थलङ, ताप्लेजुङ
कोशी प्रदेश, नेपाल

**बोलपत्र सूचना संसोधन गरिएको सूचना**

उपरोक्त सम्बन्ध यस गाउँपालिकाले मिति २०८० असोज २३ गते प्रकाशित चारपाङ्ग्रे सवारी साधन खरिद सम्बन्धमा प्रभाव दैनिक राष्ट्रिय पत्रिकामा प्रकाशित सूचनामा कम्पनीको नाम र चारपाङ्ग्रे सवारी साधनको मोडल समेत तोकिएको हुँदा उक्त बुँदालाई संसोधन गरी प्राविधिक स्पेसिफिकेसन मिल्ने सवारी साधन खरिद गर्न मिल्ने व्यहोरा सम्पूर्ण सरोकारवालाहरुमा जानकारी गरिन्छ ।

**प्रमूख प्रशासकीय अधिकृत**

---

नेपाल सरकार
उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय
कम्पनी रजिष्ट्रारको कार्यालयको
**कम्पनीको दर्ता खारेज गरिएको सूचना**

यस कार्यालयमा मिति २०७०/०३/३१ मा दर्ता भएको **प्रा.लि. नं. ११४०४२** को **प्रपोज फस्ट प्रा.लि.** नामक कम्पनी यस कार्यालयको मिति २०८०/०६/२३ को निर्णय अनुसार कम्पनी ऐन, २०६३ को दफा १२६ (१) बमोजिम दर्ता खारेज गरिएको सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

---

Government of Nepal
Ministry of Physical Infrastructure and Transport
Department of Roads,

**Road Division Doti**

**Notice of Intention to Award Contract**

Notice No:- 6-2080/081
Date of Publication: - 2080/06/25

Road Division Doti hereby notifies and intends to award the following listed contract and publish this notice to all concerned bidders regarding our Bid Notice No 01-RDDOT/2080/081,(published on Madhyanna Daily dated 2080/03/19) in accordance with ITB Clause 39 and Public Procurement Act 2063 Clause 27.2, 27.3 and 47.

| S. N | Contract No. | Name and Address of Bidder | Total Bid Amount excluding VAT & PS (NRs) |
|---|---|---|---|
| 1 | RDDOT/337011694/ 2080/081- 013 | M/s SK-Bhawani JV, Dadeldhura | 49,101,759.39 |

**Division Chief**

---

## कम्पनीको दर्ता खारेज गरिएको सूचना

**यस कार्यालयमा मिति २०७६/११/१९ मा दर्ता भएको प्रा.लि. नं. २३५६७० को डि.जी. एण्ड सन्स ट्रान्सपोर्ट प्रा.लि. नामक कम्पनी यस कार्यालयको मिति २०८०/०६/२४ को निर्णय अनुसार कम्पनी ऐन, २०६३ को दफा १२६(१) बमोजिम खारेज गरिएको व्यहोरा सम्बन्धित सबैमा जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।**

---

## निक्षेप उपर हकदावी सम्बन्धी ३५ दिने सार्वजनिक सूचना

(सूचना प्रकाशित मिति २०८०/०६/२५ गते)

श्री मान बहादुर तामाङको बुहारी, श्री साईला तामाङको श्रीमती बागमती प्रदेश काभ्रेपलान्चोक जिल्ला चौरीदेउराली गा.पा. वडा नं. ३ बस्ने राम्री तामाङको मिति २०८०/०४/१३ मा मृत्यु भएकोले निजको नाममा यस बैंकको लोकन्थली शाखामा रहेको श्री राम्री तामाङको खाता नं २२३०२०३९७८२००००२/२२३०२०३९७८२०००००४ मा रहेको मौज्दात रकम भुक्तानी पाऊँ भनी निज खातावालाको छोरी बिमला घिसिङले यस बैंकको लोकन्थली शाखामा निवेदन दिनु भएको हुँदा उक्त निक्षेप उपर निज निवेदक बाहेक अन्य कसैको हकदावी भए यो सूचना प्रकाशित भएको मितिले ३५(पैंतिस) दिन भित्रमा आफ्नो हक लाग्ने व्यहोरा प्रमाणित हुने सक्कलै कागज सहित यस बैंकको शाखा कार्यालय लोकन्थलीमा हकदावी गर्न आउनु होला । म्याद भित्र कसैको हकदावी नपरेमा वा रीत नपुगेको दरखास्त उपर कुनै कारवाही नहुने व्यहोरा यसै सूचना मार्फत् जानकारी गराउँदछौ ।

कुमारी बैंक लिमिटेड
KUMARI BANK LIMITED
सबैका लागि, सधैंका लागि

**शाखा कार्यालय लोकन्थली, भक्तपुर फोन नं ०१–६६३६५२७**

---

**Government of Nepal (GoN)**

**Prison Office**

**Mahendranagar, Kanchanpur**

**Sudurpaschim Province, Nepal**

**INVITATION FOR ELECTRONIC BIDS**

***Date of Publication: 8th oct 2023 (2080-06-21)***

1. Prison Office kanchanpur invites electronic bids from nepalese eligible bidders for following bids under national competitive bidding procedures.
2. Eligible Bidders may obtain further information and bank details at the prison office kanchanpur or may visit PPMO site **www.bolpatra.gov.np/egp.**
3. The Employer reserves the right to accept or reject, wholly or partly any or all bids without assigning any reason, whatsoever.
4. All other terms and conditions will be as per Nepal Government's Prevailing procurement Act and regulation.

| S.N | Contract ID | Work Description | Bid Submission Date | Bid Opening Date | Bid security Validity | Estimated amount (without VAT and Contingencies) in NRs. | Bid Security Amount | Cost of Bidding Document |
|---|---|---|---|---|---|---|---|---|
| 1 | POMNR/ WORKS/NC B/080-081/01 | Dormitory Building Finishing work and Burga, Septic tank Construction | 6th nov 2023 12:00:00 PM | 6th nov 2023 1:00:00 PM | 90 days and 30 days | 7,761,519.27 | 230000 | 3000 |
| 2 | POMNR/ WORKS/NC B/080-081/02 | Office Building Construction Work | 6th nov 2023 12:00:00 PM | 6th nov 2023 1:00:00 PM | 90 days and 30 days | 4,250,462.32 | 127000 | 3000 |

**Prison Administrator**

# ‘कु’ गाउँले पहिलोपटक देख्यो गाउँपालिका ‘हाकिम’

■ प्रभाव संवाददाता



**डोल्पा–** जिल्लाको शे-फोक्सुण्डो गाउँपालिका-७ ‘कु’ गाउँमा पहिलोपटक गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत पुगेका छन् । संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले गत भदौ ४ गते शे-फोक्सुण्डो गाउँपालिकामा खटाएका प्रमुख प्रशासकीय अधिकृत सुमन ढकाल पहिलोपटक ’कु’ गाउँ पुगेका हुन् ।

संघीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्थासहितको नेपालको संविधान जारी भएपछि २०७४ सालमा स्थानीय तहको निर्वाचन भयो । त्यसयता उक्त पालिकामा चार जना प्रमुख प्रशासकीय अधिकृतले आफ्नो कार्यकाल पूरा गरी फर्के । हालसम्म उक्त वडामा कुनै पनि प्रमुख प्रशासकीय अधिकृत पुगेका थिएनन् ।

आर्थिक वर्ष २०८०/८१ मा कार्यान्वयन हुने विभिन्न योजनाहरूको प्रारम्भिक स्थलगत फिल्ड निरीक्षण, उपभोक्ता समितिलाई अभिमुखीकरण, सामुदायिक तथा भौगोलिक अध्ययन अवलोकनलगायतको सिलसिलामा त्यहाँ पुगेका ढकाल कु गाउँ पुग्ने प्रथम प्रमुख प्रशासकीय अधिकृत बनेका छन् । मुलुकको विकट जिल्ला डोल्पाको विकट गाउँपालिका शे-फोक्सुण्डो जिल्लाको पनि अत्यन्तै विकट वडा मानिएको उक्त गाउँ पुग्न पालिका केन्द्रबाट घोडा/पैदल १२-१३ घण्टा लाग्छ ।

‘२०७४ सालको स्थानीय निर्वाचन ताका निकै चर्चा पाएको कु गाउँ नेपालको कान्छो गाउँको रूपमा परिचित छ । त्यसताका कु गाउँमा पहिलोपटक मतदान भएको, त्यसअघि कु गाउँको नक्सा सरकारी नक्सामा समावेश नभएको, त्यहाँका जनताले त्यसअघि कहिलै मताधिकार प्रयोग नगरेको, सरकारी दस्तावेजमा उक्त गाउँले पहिलोपटक स्थान पाएको, नेपालमा नयाँ गाउँ फेला परेको जस्ता विभिन्न समाचार प्रकाशन भएपछि सबैको चासो र चर्चाको विषय बनेको थियो । यद्यपि त्यसो नभई २०७४ सालभन्दा अघि पनि उक्त गाउँलाई एक मतदान केन्द्र कायम गरी विभिन्न निर्वाचनमा मतदान भएको तथ्य फेला परेको ढकाल बताउँछन् ।

प्रमुख प्रशासकीय अधिकृत ढकाल भन्छन्, ‘पहिलोपटक कु गाउँ पुग्दा त्यहाँका जनताको मुहारमा खुसीको उभार थियो, कुनै उत्सव मनाएझैं देखिन्थ्यो । कु गाउँबासीबाट प्राप्त गरेको सम्मान र सद्भाव अविष्मरणीय नै बन्यो ।’ आफू पुगेको साँझ त्यहाँका जनताले स्थानीय भाषा र भेषभूषाका विभिन्न गीत तथा नाचहरू देखाएको उनी बताउँछन् ।

गाउँपालिकामा हाजिर भएलगत्तै स्थलगत अवलोकन भ्रमणमा निस्केका ढकाल आफूसँग समय भएसम्म सबै वडाका जनसमुदायमा पुग्ने र त्यहाँको भूगोल, भाषा संस्कृति, भेषभूषा, जीवनशैली, संस्कार र रितिथिति अनुभूत गर्ने इच्छा भएको बताउँछन् ।

## मन्थली–लुक्ला उडान पाँच दिनदेखि ठप्प

मन्थली– खराब मौसमका कारण पाँच दिनदेखि लुक्लामा हवाइ उडान नहुँदा विदेशी पर्यटक मन्थलीमै रोकिएका छन् । लुक्लाका लागि विभिन्न कम्पनीसँग सम्झौता गरी उडानको प्रतीक्षामा रहेका पर्यटक दैनिक मन्थलीमा बस्नुपर्दा समस्यामा भइरहेको बताउँछन् ।

नागरिक उड्डयन प्राधिकरण रामेछापले दिएको जानकारीअनुसार शनिबारदेखि बुधबारसम्म करिब २०० भन्दा बढी उडान स्थगित भएका छन् । सोलुखुम्बुको लुक्ला विमानस्थलमा पर्यटक ओसार्ने विमान कहिलेकाहीँ फाप्लुको मौसम खुलेपछि त्यहाँ अवतरण गर्ने प्राधिकरण प्रमुख आशोक थापाले बताए ।

पाँच दिनदेखि उडान प्रभावित भएपछि केही कम्पनीले हेलिकप्टरमार्फत पर्यटक ओसार पसार गरिहेका भन्दै हेलिकप्टरका लागि पनि भिजिविलिटी कम भएको उनले जानकारी दिए । प्रमुख थापाका अनुसार तीन वायुसेवा कम्पनीले सात जहाज तथा आवश्यक पाइलटसहितका अन्य जनशक्ति तयारी अवस्थामा राखेका छन् । ‘सीता एयरका दुई, यती एयरलाइन्सका दुई र समिट एयरका तीन जहाज विमानस्थलमा पार्किङ गरी राखिएका छन्,’ उनले भने, ‘शनिबारदेखि एक्कासि मौसम बिग्रिएपछि हेलिकप्टरबाहेक अन्य उडान लुक्लाका लागि हुन सकेका छैनन् ।’

लुक्लातर्फको मौसम एकदमै खराब भएकाले जहाजलाई अवतरण गर्न असजिलो हुने प्राधिकरणले जनाएको छ । ‘अवतरणका लागि पाइलटले केही टाढा देखिनै विमानस्थल देख्नपर्छ । तर लुक्लाको विमनस्थलमा बाक्लो हुस्सु लाग्ने, हावाको वेग नराम्ररी चल्ने भएपछि पछिल्लो समयमा अवतरणमा समस्या भएको छ,’ थापाले भने । यो मुख्य पर्यटकीय सिजन भएकाले अधिकांश पर्यटक सगरमाथा आधार शिविरतर्फ जाने तथा केहीले सगरमाथाको आरोहणमा गर्ने गर्दछन् । हिमाली दृश्यावलोकनका लागि यहाँ पर्यटक आउने गर्दछन् । यसअघि दोलखाको जिरीबाट पैदल हिंडेर लुक्लासम्म जाने गरेका पर्यटक अहिले सुविधा थपिएसँगै जहाज र हेलिकप्टरमा जानेआउने गरेका हुन् । *रासस*

Government of Nepal
**Ministry of Energy, Water Resources and Irrigation**
**Department of Hydrology and Meteorology**
**Office of Hydrology and Meteorology**
**Mahakali Basin Field Office Attariya, Kailali**

**LETTER OF INTENT (LOI)**

*Date of Publication: 2080/06/25*

As per section 27 (2) of the Public Procurement Act 2063, This is to notify all concerned bidders that we are going to award the following contract as per IFB No.: DHM/MBFO/W/NCB/01-2080/81 published in Prabhab National Daily on 2080/05/25 to the following bidders selected as substantially responsive lowest evaluated bid fulfilling the qualification criteria.

| Contract ID | Name of Project | Name and Address of Bidder | Bid Price (with VAT) |
|---|---|---|---|
| DHM/MBFO/W/NCB/01-2080/81 | Construction and Maintenance of Structures in hydrological stations under MBFO | Sokha Nath Engineering Constructionand Suppliers Pvt.Ltd, Baneshwar-31, Kathmandu | NRs.46,21,921.48 |

**Office Chief**

**कालिका नगरपालिका**
**नगर कार्यपालिकाको कार्यालय**
**रेडक्रसग्राम, चितवन**
**बागमती प्रदेश, नेपाल**

**अभिलेखीकरण गर्न छुट भएका घर तथा भौतिक संरचनाहरूको अभिलेखीकरण गर्ने सम्बन्धी अत्यन्त जरूरी सूचना**

यस कालिका नगरपालिकाका नगरवासीहरुको सुविधालाई ध्यानमा राखी मिति २०८० साल श्रावण २४ गतेको नगर कार्यपालिकाको निर्णयानुसार कालिका नगरपालिका क्षेत्र भित्र नगरपालिका घोषणा हुनु पूर्व निर्माण सम्पन्न भएका भवन तथा भौतिक संरचनाहरु वा नगरपालिका स्थापना भईसकेपछि नगरपालिका स्वीकृति लिई वा नलिई नक्सा पास नभएको वा पास भएको नक्सामा स्वीकृति बेगर आफु खुशी हेरफेर गरी बनाएका, राष्ट्रिय भवन संहिता र मापदण्ड पालना गरी वा नगरी निर्माण सम्पन्न भएका घर तथा अन्य भौतिक संरचनाहरुको संरचनागत (Structural) सुरक्षाको जिम्मेवारी स्वयम् घरधनीमा रहने गरी जमिनको सतहमाथि देखिने घर तथा अन्य संरचनाको अभिलेखीकरणको लागि नगरवासीहरुलाई यो अन्तिम पटक मौका दिइएको छ । यो सूचना प्रकाशन भएपछि नगरपालिकाको राजश्व उप-शाखामा रु.१०००/- नगद तिरी नक्सा किताब खरिद गरी नक्सा किताबको विवरणहरु भरि निम्न सर्तहरु पालना गर्ने गरी आवश्यक कागजातहरु संलग्न राखी घर वा अन्य भौतिक संरचनाहरुको नक्सा नगरपालिकाको कार्यालयमा पेश गर्नुहुन सम्पूर्ण सरोकारवाला नगरवासीहरुको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ ।

**शर्त आवश्यक कागजातहरू:**

१. नेपाली नागरिकताको प्रमाणित प्रतिलिपि - १ प्रति
२. जग्गाधनी प्रमाण पुर्जाको प्रमाणित प्रतिलिपि - १ प्रति
३. जग्गाको नापी कार्यालयबाट कित्ता नम्बर स्पष्ट भएको नापी नक्साको प्रमाणित सक्कल ट्रेस नक्सा - १ प्रति
४. सम्बन्धित वडा कार्यालयबाट जग्गाको चारकिल्ला खुलेको विवरण - १ प्रति
५. चालु आर्थिक वर्षको सम्पति कर तिरेको रसिदको प्रतिलिपि - १ प्रति
६. जग्गाधनीको पासपोर्ट साईजको रंगिन फोटो - ३ प्रति
७. घरको स्पष्ट रंगिन फोटो (सबै दिशा छुट्टिने गरी)
८. यस कार्यालयमा सुचिकृत भएको Engineering Consultancy बाट तयार भएको A3 size को नक्सा ३ सेट
९. घर निर्माण अभिलेखीकरण/नियमित अभिलेख दर्ता बापतको राजश्व रकम नगरपालिकाको नक्सा पासको लागि तोकिएको दरमा घर नक्साको कुल क्षेत्रफलको आधारमा बुझाउनु पर्नेछ ।
१०. घर नक्सा तयार गर्ने प्राविधिकको Nepal Engineering Council मा दर्ता भएको प्रमाण पत्रको प्रमाणित प्रतिलिपि संलग्न हुनुपर्ने छ ।
११. सम्बन्धित वडाको जनप्रतिनिधि र संधियार सहित पांच जना स्थानियको रोहबरमा फिल्ड निरिक्षण गरी घर निर्माण सम्पन्न भएको मिति खोलि तयार गरिने सर्जमिन मुचुल्का सहित सम्बन्धित वडा समितिको निर्णय र वडाको सिफारिश ।
१२. रीत पूर्वक पेश नभएका तथा नक्सा पास किताबको सम्पूर्ण विवरण नभरी पेश हुन आएका घर नक्साहरु अभिलेखीकरण हुने छैनन् ।
१३. अभिलेखीकरण लागि घर नक्सा पेश गरी प्रमाण पत्र वितरण कार्य २०८१ साल असार मसान्त सम्म मात्र हुनेछ ।

**प्रमूख प्रशासकीय अधिकृत**


## साउदी/कतारमा वैदेशिक रोजगारको अवसर

कम्पनी : SHISHABI RESTAURANT TO SERVE MEALS
पूर्व स्वीकृति मिति: २०८०/०३/२९ | पुन विज्ञापन स्वीकृति मिति २०८०/०६/१६ | LT. No.289330 | चलानी नं. ६०२०४६९७

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब SR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Restaurant Labour | 4 | 0 | 1000 | ३४,९२५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : INDOORS FURNITURE FACTORY WLL
पुर्व स्वीकृति मिति: २०८०/०१/०८ | पुन विज्ञापन स्वीकृति मिति २०८०/०६/१६ | LT. No. 285133 | चलानी नं. ६०२००५०३

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब QR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Dec Wood Worker | 1 | 0 | 1300 | ४६,९५५ | क.नि.अनुसार | ८ घण्टा | ६ दिन | क.नि.अनुसार | छ | | २ वर्ष |
| 2 | Painter | 2 | 0 | 1300 | ४६,९५५ | | | | | | | |
| 3 | Labourer | 3 | 0 | 1000 | ३६,१२० | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० कार्तिक २ गते (19th Oct. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यतवस्था:** रु. १,५००/- कामदार आफैंले **सेवा शुल्क:** नि:शुल्क

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

TARGET
श्रम ईजाजत नं.८३३/०६६/०६७

**Target Consultant Human Resources Pvt. Ltd.**
Sinamangal-9, Shambhu Marga, Kathmandu, Nepal. Tel: +977- 015911250/015911251
FAX:+977-015911251, E-mail: info@targetnepal.com, Web: www.targetnepal.com



## कतार/कुवेतमा वैदेशिक रोजगारको अवसर

कम्पनी : FORCE ONE CONTRACTING & CLEANING W.L.L
पूर्व स्वीकृति मिति: २०८०/०३/१३ | पुन विज्ञापन स्वीकृति मिति २०८०/०६/२४ | LT No :288691 | चलानी नं. ६०२०४००८

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब QR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Accountant Gen | 0 | 1 | 4000 | १४५,७७० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Carpenter | 2 | 0 | 1300 | ४७,३७५ | | | | | | | |
| 3 | Cashier | 1 | 2 | 1500 | ५४,६६५ | | | | | | | |
| 4 | Foreman | 5 | 0 | 2500 | ९१,१०५ | | | | | | | |
| 5 | General Clean Worker | 18 | 3 | 1000 | ३६,४४० | | | | | | | |
| 6 | Labour | 2 | 0 | 1300 | ४७,३७५ | | | | | | | |
| 7 | Painter | 1 | 0 | 1300 | ४७,३७५ | | | | | | | |
| 8 | Plumber | 2 | 0 | 1300 | ४७,३७५ | | | | | | | |
| 9 | Secretary | 0 | 1 | 2100 | ७६,५३० | | | | | | | |
| 10 | Supervisior | 5 | 0 | 2500 | ९१,१०५ | | | | | | | |
| 11 | Waiter | 1 | 3 | 1500 | ५४,६६५ | | | | | | | |

कम्पनी : MONASTIC CLEANING & CONTRACTING WLL
पूर्व स्वीकृति मिति २०८०/०३/१२ | पुन विज्ञापन स्वीकृति मिति २०८०/०६/२४ | LT. No. 288633 | चलानी नं. ६०२०३९३२

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब QR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | BUSINESS EXECUTIVE | 6 | 0 | 4000 | १४५,७७० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Data Analyzer | 9 | 0 | 2700 | ९८,३९५ | | | | | | | |
| 3 | Foreman | 15 | 0 | 2500 | ९१,१०५ | | | | | | | |
| 4 | GENERAL CLEAN WORKER | 17 | 10 | 1000 | ३६,४४० | | | | | | | |
| 5 | Helper | 10 | 0 | 1000 | ३६,४४० | | | | | | | |
| 6 | MANAGER VARIETY | 1 | 0 | 6000 | २१८,६५५ | | | | | | | |
| 7 | Sales Supervisor | 1 | 0 | 3000 | १०९,३३० | | | | | | | |
| 8 | SUPERVISIOR | 8 | 2 | 2500 | ९१,१०५ | | | | | | | |

कम्पनी : MULTIPLEX CLEANING & CONT. WLL
पूर्व स्वीकृति मिति २०८०/०२/२० | पुन विज्ञापन स्वीकृति मिति २०८०/०६/२४ | LT. No. 287122 | चलानी नं. ६०२०२५१६

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब QR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Bus Supervisor | 1 | 0 | 3500 | १२७,५५० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Business Executive | 1 | 0 | 4000 | १४५,७७० | | | | | | | |
| 3 | Data Analyzer | 5 | 0 | 2700 | ९८,३९५ | | | | | | | |
| 4 | Foreman | 8 | 0 | 2500 | ९१,१०५ | | | | | | | |
| 5 | General Clean Worker | 4 | 0 | 1000 | ३६,४४० | | | | | | | |
| 6 | Helper | 10 | 0 | 1000 | ३६,४४० | | | | | | | |
| 7 | Labour | 20 | 0 | 1000 | ३६,४४० | | | | | | | |
| 8 | Painter | 1 | 0 | 1200 | ४३,७३० | | | | | | | |
| 9 | Supervisior | 3 | 0 | 2500 | ९१,१०५ | | | | | | | |

कम्पनी : CITY STAR CENTRAL MARKETS
पूर्व स्वीकृति मिति: २०७९/१०/२६ | पुन विज्ञापन स्वीकृति मिति २०८०/०६/२४ | LT. No. 280792 | चलानी नं. ६०१९६३१६

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब KD | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Reporter | 25 | 30 | 150 | ६४,८२० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : MULTIPLEX CLEANING & CONT. WLL
पूर्व स्वीकृति मिति २०८०/०४/११ | पुन विज्ञापन स्वीकृति मिति २०८०/०६/२४ | LT. No. 289954 | चलानी नं. ६०२०५२५३

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब QR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Admin Director | 0 | 1 | 6000 | २१८,६५५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Carpenter | 2 | 0 | 1200 | ४३,७३० | | | | | | | |
| 3 | Cashier | 0 | 1 | 1700 | ६१,९५० | | | | | | | |
| 4 | Electrician | 3 | 0 | 1200 | ४३,७३० | | | | | | | |
| 5 | Foreman | 1 | 0 | 2500 | ९१,१०५ | | | | | | | |
| 6 | General Clean Worker | 15 | 24 | 1000 | २६,३१० | | | | | | | |
| 7 | Helper | 1 | 0 | 1000 | ३६,४४० | | | | | | | |
| 8 | Labour | 10 | 0 | 1000 | ३६,४४० | | | | | | | |
| 9 | Manager Variety | 1 | 0 | 6000 | २१८,६५५ | | | | | | | |
| 10 | Mason | 4 | 0 | 1200 | ४३,७३० | | | | | | | |
| 11 | Painter | 2 | 0 | 1200 | ४३,७३० | | | | | | | |
| 12 | Plaster Worker | 5 | 0 | 1200 | ४३,७३० | | | | | | | |
| 13 | Plumber | 1 | 0 | 1200 | ४३,७३० | | | | | | | |
| 14 | Receptionist | 0 | 1 | 1700 | ६१,९५० | | | | | | | |
| 15 | Salesman | 1 | 0 | 1700 | ६१,९५० | | | | | | | |
| 16 | Supervisior | 11 | 1 | 2500 | ९१,१०५ | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० कार्तिक २ गते (19th Oct. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यवस्था:** रु. १,५००/- कामदार आफैंले **सेवा शुल्क:** नि:शुल्क/-

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

श्रम ईजाजत नं. १२२४/०७४/०७५

**JALAJALA RECRUITMENT PVT.LTD**
Samakhusi-29, Kathmandu, BAGMATI. Tel: +977-1-4350257, 4350900
Mobile No. +97714390878, 01-4380956, E-mail: jalajalarecru2017@gmail.com

प्रभाव दैनिक
National Daily

## सम्पादकीय

# जग्गा कारोबारीमाथि कडाइको प्रस्ताव स्वागतयोग्य

जग्गाको कारोबारमा रहेको बेथितिबारे लामो समयदेखि प्रश्न उठ्दै आएको हो । बिचौलिया तथा भूमाफियाहरूको रजगज यो व्यवसायमा चल्दै आएको छ । जथाभावी जग्गा खण्डीकरण गर्ने तथा मनलाग्दी भाउ बढाएर बेच्ने प्रवृत्तिले एकातिर खेतीयोग्य जमिन नासिने क्रम बढिरहेको छ । त्यसो त यसमा जग्गा कारोबारीको मात्रै दोष छैन । सरकारले पनि उचित नीति बनाएर यो क्षेत्रलाई नियमन वा नियन्त्रण गर्न सकेको छैन । सरकार फेरिँदैपिच्छे सरोकारवाला मन्त्रालयका मन्त्रीदेखि कर्मचारीसम्मको स्वार्थमा नीति परिवर्तन हुँदै आएको छ । राजनीतिक अस्थिरताको फाइदा यस्ता कारोबारीहरूले लिँदै आएका छन् । त्यसैले यो क्षेत्रमा बढ्दो बेथिति नियन्त्रणका लागि कडा नीति आवश्यक महसुस गरिएको हो ।

यसैबीच जग्गा कारोबारीमा कडाइ गर्न संसदीय उपसमितिले कानुन, न्याय तथा मानवअधिकार समितिसामु प्रस्ताव पेस गरेको छ । सम्पत्ति शुद्धीकरण निवारण तथा व्यावसायिक वातावरण प्रवर्द्धनसम्बन्धी केही ऐनलाई संशोधन गर्न बनेको विधेयकलाई निचोडमा लैजान गठन भएको उपसमितिले मंगलबार प्रतिवेदन बुझाउँदै उक्त प्रस्ताव पेस गरेको हो ।

यसअघि तत्कालीन कानुनमन्त्री ध्रुवबहादुर प्रधानले २०७९ माघ २७ गते संसद्मा पेस गरेको विधेयकमा इजाजत नलिई जग्गा कारोबार गर्नेलाई १० लाख रूपैयाँ जरिवानाको प्रस्ताव गरिएको थियो । कानुन समितिले रञ्जुकुमारी झाको संयोजकत्वमा गठन गरेको उपसमितिले जग्गा कारोबारमा हुने अनियमितता रोक्न कडा कानुन ल्याउनुपर्ने सुझावसहित यो प्रस्ताव पेस गरेको हो । उपसमितिले इजाजतपत्र नलिई जग्गा कारोबार गर्नेलाई छ महिना जेल र २५ लाख रूपैयाँ जरिवानाको प्रस्ताव गरेको छ । उपसमितिको यो प्रस्ताव स्वागतयोग्य छ ।

उपसमितिको प्रतिवेदनको बुँदा ३ को २ मा ऐनको दफा २६ को (ङ) बारे भनिएको छ, 'कसैले इजाजतपत्र नलिई घरजग्गा कारोबार गरेमा कारोबारको बिगो खुलेकोमा बिगो र बिगो नखुलेकोमा २५ लाख रूपैयाँसम्म जरिवाना वा छ महिनासम्म कैद वा दुवै सजाय हुनेछ ।' व्यक्ति व्यक्तिबीच हुने जग्गा कारोबारमा भने उपसमिति मौन बसेको छ ।

विश्वव्यापी आर्थिक नियमन गर्ने संस्था फाइनन्सियल टास्क फोर्स (एफएटिएफ)ले नेपाललाई सम्पत्ति शुद्धीकरणसम्बन्धी कडा कानुन बनाउन ताकेता गरेपछि सरकार यस काममा तीव्रताका साथ लागेको हो । एफएटिएफले सन् २०१४ देखि नेपाललाई सम्पत्ति शुद्धीकरणसम्बन्धी कडा कानुन बनाउन ताकेता गरिरहेको छ । यस्तो कानुन नबनाएर नेपाल 'ग्रे लिस्ट'मा पर्ने चेतावनी एफएटिएफको छ । यस्तो अवस्थामा उपसमितिले गरेको प्रस्ताव स्वागतयोग्य छ । उक्त व्यवस्था लागू गर्न सके जग्गा कारोबारीलाई व्यवस्थित बनाउन सकिने देखिन्छ ।

## मनन्योग्य

### चाणक्य नीति

एक ब्राह्मणले आफ्ना खुट्टा पक्रिएको देखी मगधका अमात्य शकटार असमञ्जस स्थितिमा परे । ब्राह्मणसँग सोधे- भद्रपुरुषको परिचय पाउँछु ? विष्णुगुप्त सम्हालिएका थिए र बेहाल हुँदै भने- के पिताजीले आफ्नो छोरालाई बिर्सनुभयो ? म तपाईंकै कौटिल्य हुँ, चणकपुत्र...तर लोक मलाई तक्षशिलामा विष्णुगुप्तका नामले चिन्दछन् ।

शकटार पनि आश्चर्यचकित भए । उनलाई विश्वास लागेन किनकि चणकका छोरा त मरिसकेका थिए । तर, तिनै व्यक्ति कौटिल्य एक विद्वान् पुरुष विष्णुगुप्तका रूपमा अगाडि थिए जसको चर्चा शकटारले धेरै सुनेका थिए । उनले आँखाभरि आँसु पार्दै विष्णुगुप्तलाई छातीमा लगाए अनि भन्न लागे- 'ईश्वरले मगधलाई फेरि एउटा अमूल्य रत्न दिए । यो बूढो शकटारको इच्छा अब अवश्य पूरा हुनेछ ।'

विष्णुगुप्तले शकटारलाई आफ्नो कुटीमा लगे । त्यहाँ दुवैबीच देशको वर्तमान स्थितिबारे विचार-विमर्श भयो । शकटारले महानन्दको विलासिता, निरंकुशता झन् बढेको बताए किनभने राज्यको बागडोर महामात्य राक्षसका हातमा रहेको थियो ।

महानन्दका दिनहरू राजपाठबाट विमुख भई अधिकांश सुरा र सुन्दरीका साथमा बित्थे । जनतामा मनमानी ढंगले करको बोझ थपियो । प्रतिरोध गर्नेलाई सबैको मारिन्थ्यो । यही दमनचक्रले गर्दा महानन्दविरुद्ध कोही बोल्न सक्दैनथे ।

हु......हुंकार गर्दै गम्भीर स्वरमा विष्णुगुप्तले भने- 'यत्रो अत्याचार हुँदा पनि तपाईंहरू सबै सँगठित किन हुनुभएन ? जनतालाई अत्याचारको कुरा किन नभनेको जनताबाट उठाएको धन मदिरा र वेश्यामा पानीजस्तै बगाइएको छ । यो राजाने त समय आउँदा जनताको रक्षा पनि गर्न सक्दैन ।

विष्णुगुप्त उत्तेजित भएको देखी शकटार भन्छन्- 'त्यो सबै म चाहन्छु, तर म बूढो छु । त्यसमाथि राज्यको मर्यादाले बाँधिएको छ । अब विश्वास भयो यो काम तिमीबाहेक अरूले गर्न सक्दैन ।' शकटारका यस्ता कुराले चाणक्यको चेहरा झन् रातो भयो । लुकेको प्रतिशोधको ज्वाला फेरि हृदयमा नाच्न लाग्यो । आफ्ना बाबु चणकलाई कसरी मारिएको थियो भन्ने पनि सम्झिए । क्रमशः

# चन्द्रागिरिका पर्यटकीय सम्पदास्थल



▶▶ पदम श्रेष्ठ

> कीर्तिपुरेद्वारा काटिएका गोर्खाका प्रमुख सेनापति काजी कालु पाँडेको टाउको गोर्खातिर फर्काएर राखिएको ठाउँमा स्मारकसहितको पार्क छ यहाँ । तत्कालीन राजा पृथ्वीनारायण शाहले नेपाल उपत्यकालाई कब्जा गर्न युद्धका लागि बनाएको किल्ला गढी पनि यही हो । शाहले समेत राजदरबार राख्ने इच्छा राखेको दहचोकबाट छिमेकी जिल्ला धादिङ, नुवाकोट, मकवानपुर, गोरखा र काठमाडौं पूरै देख्न सकिन्छ । जहाँ बडाध्यक्ष केसीकै पहलमा पाँडेको छ फिट अग्लो ढुंगे मूर्ति र स्मारक नजिकै एक करोड खर्चेर २७० फिट अग्लो पाँच तले भ्युटावर बनेपछि दृश्यावलोकन गर्न झनै सहज बनाएको छ ।

चन्द्रागिरि (७,९५० फिट) माथि बुद्ध स्तुपा र चैत्यलाङ (चित्लाङ) मार्ग रहेको छ । हाल केबुलकारसहित भालेश्वर महादेव स्थापित चन्द्रगिरि नगरपालिकालाई थानकोट पछाडि चित्लाङ, टेस्टुङ, पालुङको ऐतिहासिक पर्यटकीय नेवार बस्तीले घेरिएको छ । थानकोटसँगै जोडिएर चन्दागिरि नगरपालिकाभित्रको ऐतिहासिक पर्यटकीय नगरीहरू वाडभञ्ज्याङ, मच्छेगाउँलगायत रहेका छन् । यहाँको अर्को धार्मिक तथा पर्यटकीय सम्पदास्थल हो, येंकीदह अर्थात् दहचोक इन्द्रस्थान ।

उपत्यकाका डाँडामध्ये सबैभन्दा होचो चन्द्रागिरिको काखमा छ, थानकोट । पूर्व महादेवस्थान, पश्चिम-उत्तर बाँडभञ्ज्याङ र दक्षिणमा चित्लाङमार्ग रहेको चन्द्रागिरि भञ्ज्याङ थानकोटलाई नेपालभाषीहरू थक्वाथः, लिच्छवीकालमा थेञ्जोग्राम र किरातकालमा थेञ्जो भन्ने गर्थे । राजा अमर मल्लले बाहिरी आक्रमणबाट बच्न विस्तारित थानकोटको अग्लोस्थानमा बनाएको नेपालका प्रथम राजखलक गोपालीको दरवार सैनिक क्याम्प रहेको छ । फराकिलो जमिन थक्वाथ नै अपभ्रंश हुँदै बनेको थानकोटमा अन्तिम किराती राजा गस्तीले राज गरेको बताइन्छ । जहाँ न्ह्याय्दों (त्रिभुवन पार्क), महालक्ष्मी र थानकोट, सत्यनारायण देगलको दर्शन भ्रमणपश्चात् हामी येंकीदह पुगी शितल ताप्न सक्छौं ।

**येंकी दह (दहचोक)**

नेपाल सरकारद्वारा घोषित १०० पर्यटकीय गन्तव्यस्थलहरूमध्ये एक दहचोकलाई यसरी व्याख्यात्मक पहिचान बनाएको छ । 'यें' ले काठमाडौं, 'की' ले किला जनाउँदछ र दहको अर्थ पोखरी हो । देवताका राजा इन्द्रले आफ्नी आमालाई व्रत बस्न पारिजातको फूल टिप्न आउँदा ज्यापूले पक्रिएर येंकीदहमा बाँधिदिएको आख्यानसँग सम्बन्धित छ, इन्द्रदह । इन्द्रकी आमा दाँगिले नेपालमा स्वच्छ हावा, वर्षा एवं खेतीयोग्य कुहिरो दिने वाचा गरेपछि इन्द्रलाई छाड्न गाडिएको किल्ला उखेल्दा दह बनेको हो भन्ने आख्यान छ । इन्द्रजात्राको अन्तिम दिन मेला लाग्ने येङकीदह, एक हजार ८८१ मिटरको उचाइमा छ । काठमाडौंबाट सात किलोमिटर थानकोट वा बलम्बुबाट पुग्ने इन्द्रस्थान वरिपरि विशाल दहछेउ इन्द्र इन्द्रायणीको मन्दिर, बासुकी नाग, भष्मेश्वर महादेवको मन्दिर रहेको छ ।

**विनासकारी भूकम्पपछि पुनर्निर्माणका दस्तावेज**

२०७२ वैशाख १२ गतेको विनासकारी भूकम्पले पूरै ध्वस्त भएको पोखरी तथा यी मन्दिरहरूको पुरातात्त्विक शैलीमा नै आफ्नो कार्यकालमा पुनर्निर्माण भएको चन्द्रागिरि-५ का पूर्ववडाध्यक्ष राजेन्द्र केसी बताउँछन् । एक समय वर्षको एकपल्ट काठमाडौंमा हुने इन्द्रजात्राको अन्तिम दिन क्षमा पूजा गर्ने दिनमात्र मेला लाग्ने इन्द्रदहमा कलंकी र बलम्बुदेखि दहचोकसम्मै बाटो कालोपत्रे र मन्दिर पुग्ने डेढ सय मिटर बाटो ढुंगा छापिएपछि दिनहुँ घुम्न जानेको संख्या बढेको छ । दहको चारैतिर रेलिङ र कलात्मक दहचोक प्रवेशद्वार बनाएपछि न्यूनतम भए पनि प्रवेश शुल्क उठाउने सोच थियो भन्छन्, चन्द्रागिरि-५ का पूर्ववडाध्यक्ष तथा नेपाल मण्डल पर्यटन नगरीका सल्लाहकार केसी । पेसाले अधिवक्ता तथा नोटरी पब्लिक कानुन व्यवसायी भए पनि नेकपा एमालेसँग आबद्ध भई राजनीतिमा लाग्दा नै उक्त क्षेत्रलाई पर्यटकीय हव बनाउने आफ्नो लक्ष्य बनेको उनी बताउँछन् । जुन लक्ष्यअनुरूप कार्य अगाडि बढाउँदा ऐतिहासिक सम्पदा पुनर्निर्माणदेखि टावर निर्माण र संरक्षणसम्म भएका छन् ।



**कालु पाँडेको शालिक, भ्युटावर र संग्रहालय**

कीर्तिपुरेद्वारा काटिएका गोर्खाका प्रमुख सेनापति काजी कालु पाँडेको टाउको गोर्खातिर फर्काएर राखिएको ठाउँमा स्मारकसहितको पार्क छ यहाँ । तत्कालीन राजा पृथ्वीनारायण शाहले नेपाल उपत्यकालाई कब्जा गर्न युद्धका लागि बनाएको किल्ला गढी पनि यही हो ।

शाहले समेत राजदरबार राख्ने इच्छा राखेको दहचोकबाट छिमेकी जिल्ला धादिङ, नुवाकोट, मकवानपुर, गोरखा र काठमाडौं पूरै देख्न सकिन्छ । जहाँ बडाध्यक्ष केसीकै पहलमा पाँडेको छ फिट अग्लो ढुंगे मूर्ति र स्मारक नजिकै एक करोड खर्चेर २७० फिट अग्लो पाँच तले भ्युटावर बनेपछि दृश्यावलोकन गर्न झनै सहज बनाएको छ । जहाँ कालु पाँडेको संग्रहालयसमेत निर्माण भएको छ । संग्रहालयमा युद्धकला झल्काउने तस्बिरहरू र कालु पाँडेको वंशावली सजिएका छन् ।

**दहचोक मनकामना पुनर्निर्माण**

भनिन्छ, कीर्तिपुर युद्धमा सहादत प्राप्त कालुकै इच्छानुसार दहचोकमा मनकामनाको मन्दिर बनाइएको हो । दुई तले प्यागोडा शैलीको मन्दिरबाट गोर्खाको मनकामना मन्दिरको दर्शन हुनेगरी बनाइएको छ । जुन मन्दिर भूकम्पले जर्जर बनाएपछि पुनर्निर्माण भएको थियो ।

**स्वीटजरल्यण्ड पार्क**

दहचोकबाट नजिकै बलम्बु बुद्ध विहार समीपमा छ, स्वीटजरल्याण्ड पार्क । २५ रोपनी क्षेत्रफलमा फैलिएको पार्क स्वीटजरल्याण्डजस्तै धरातलमा देखिएपछि नागार्जुन पहाडको पुच्छारलाई पार्क प्रवर्द्धन गरिएको हो । थानकोट बलम्बु वा नैकापबाट पुग्न सकिने बलम्बु पार्क साँच्चैको स्वीटजरल्याण्ड भूमिलाई झझल्को गराउने खालको छ । दहचोकबाट नजिकै रहे पनि नागार्जुन नगरपालिकाको सीमामा पारिएको छ तर हाम्रो पार्क निर्माण कालदेखि नै चन्द्रगिरि नगरपालिकाको वडा नं ५ को सम्पदास्थल रहेको दाबी रहँदै आइरहेको थियो । यद्यपि, कार्यान्वयन गरिएन ।

तर पनि स्वीटजरल्याण्ड पार्कलाई दहचोक पर्यटकीय नगरीभित्र ल्याई निम्नलिखित कार्ययोजनाहरू गर्दै लानुपर्ने देखिन्छ । मनकामना मन्दिरजस्तै कालु पाँडे र नेपाल एकीकरणसँग सम्बन्धित आख्यान जोडिएको अर्को धार्मिक सम्पदास्थलमा चन्दी भैरव भनिने बाघभैरव मन्दिर पनि एक हो । बाघभैरवको नाउँमात्र भए पनि मन्दिर बनाउन बाँकी छ । तत्कालीन राजा पृथ्वीनारायण शाहले युद्धमा तीनपल्ट कीर्तिपुरेसँग हारेपछि बाघभैरव यही ठाउँमा साधना गरी कीर्तिपुर युद्ध जितेका थिए भन्ने आख्यान छ जुन सम्पदाको निर्माण आवश्यक देखिन्छ ।

यसका अलावा दहचोकमा माथिसम्मै पुग्ने सार्वजनिक यातायात सञ्चालन, पार्किङ क्षेत्र निर्माण, ठाउँ-ठाउँमा पानी र सार्वजनिक शौचालय, सार्वजनिक सभाहल र संग्रहालयका साथै राजा पृथ्वीनारायण शाहले नेपाल एकीकरण गर्दा खडा गरिएका दुईवटा गढीको संरक्षणार्थ परियोजना ल्याउनुपर्ने आवश्यकता औंल्याउँछन् पर्यटन नगरीका अभियन्ता तथा पूर्ववडाध्यक्ष केसीको भनाइ छ ।

दहचोक मगर बाहुल्य क्षेत्र भएकोले पनि यावत् उपलब्धिहरूलाई पर्यटकीय हवको रूपमा प्रवर्द्धन गरी दीर्घकालीन पर्यटकीय गन्तव्यस्थल बनाउन स्थानीयकै सहभागितामा मगर होम स्टे सञ्चालन गर्न पाए सुनमाथि सुगन्ध हुने थियो ।

## पत्र-मञ्जुषा

# राजनीतिक आडमा मौलाउँदो ठगीको चपेटामा देश

मुलुकमा जति पनि व्यापार-व्यवसाय सञ्चालन गरेर बसेका व्यापारी, उद्योगी, व्यवसायी छन्, ती सबैले राजनीतिक पार्टीको सदस्यता लिएका छन् । यातायात व्यवसायी, निर्माण व्यवसायी, होटल व्यवसायी, खाद्य व्यवसायी, उद्योग व्यवसायीलगायत जुनसुकै व्यवसायी भए पनि कुनै न कुनै पार्टीमा आबद्ध छन् । उनीहरूले राजनीतिक पार्टीलाई लेबी तिर्दै आएका छन् ।

त्यस्तै, चुनावको बेलामा चन्दा दिन्छन् । व्यवसायीहरूले राजनीतिक दलको सदस्यता लिनु पछाडिको कारण स्पष्ट छ । उनीहरू खुलेआम राजनीतिक पार्टीको सदस्यता लिएनन् भने व्यापार-व्यवसाय सञ्चालन गर्न नसकिने बताउँछन् । उपभोक्तावादी भनिएकादेखि लिएर सरकारी कर्मचारीसम्मलाई पोसेर व्यापार सञ्चालन गरिएको छ । घूस नदिए व्यापार नै चलाउन नसक्ने उनीहरूको भनाइ छ ।

राजनीतिक दल, सरकारी कर्मचारी, उपभोक्तावादीले खाएको व्यवसायीहरूले आमउपभोक्ताबाट असुल्दै आएका छन् । उनीहरूले सामानमा जोडेर आफ्नो पैसा उठाउँछन् । एक सय रूपैयाँ पर्ने सामानलाई तीन सय रूपैयाँ लिइन्छ । यातायात व्यवसायीले पाँच सय रूपैयाँ तोकेको बाटोमा १५ सय उठाउँछन् । राजनीतिक दल, सरकारी कर्मचारी र उपभोक्तावादीले खान्छन्, बलिको बोका भने जनता बनिदिनुपरेको छ ।

आमसर्वसाधारणलाई महँगीले पिरोल्न थालिसकेको छ । चाडबाडको बेला मन्त्रीका आफन्त, पार्टीका कार्यकर्ताहरू सित्तैमा घर जान्छन् । टिकटको पैसा उनीहरूले तिर्दैनन्, त्यो पनि यात्रुबाटै उठाइन्छ । जसले गर्दा यात्रुले तोकेकोभन्दा बढी भाडा तिर्नुपर्छ।व्यापारीहरूचाडबाडमाजिल्लाका सिडिओदेखि लिएर जनप्रतिनिधिसम्मलाई पोस्नुपर्ने बताउँछन् । स्थानीय गुण्डालाई पनि चाडबाडको बेला पैसा दिनुपर्ने व्यापारीहरूको भनाइ छ ।

पैसा नदिए व्यापार गर्नै नदिने उनीहरू बताउँछन् । व्यापारीहरूले चन्दाको पैसा जनताबाट उठाउने, जनप्रतिनिधिहरू त्यही पैसाबाट चुनाव जित्ने । सरकारी कर्मचारीहरू पनि घूस खुवाएर सरुवा-बढुवा हुने । मर्कामा पर्ने को भन्दा जनता । व्यापारीहरूले आफूले खर्च गरेको पैसा उठाउन सामानको मूल्य बढाएको बढचै गर्छन् । जसले गर्दा आमसर्वसाधारणको ढाड सेकिएको छ ।

उनीहरूको घरको चुल्हो निभ्ने अवस्थामा पुगिसकेको छ । जनप्रतिनिधि र सरकारी कर्मचारीले त व्यापारीहरूकै नुन खाएका हुन्छन् । अनि के कारबाही गर्छन् ? व्यापारीहरूले जति जनता ठगे पनि आँखा चिम्लेर र कानमा तेल हालेर बस्छन् । न अनुगमन हुन्छ न उपभोक्ता ठग्ने व्यापारीमाथि कारबाही नै हुन्छ । महँगी बढ्दा बिहानबेलुकाको छाक टार्न समस्या परेको सर्वसाधारणहरूको गुनासो छ ।

हरेक सामानमा मूल्यवृद्धि भएको छ । रातारात बजार भाउ आकासिएको छ । बिहान खाए, बेलुका के खाने भन्ने चिन्ताले सताउँछ । बढ्दो महँगीका कारण भोकभोकै बस्नुपर्ने अवस्था सिर्जना भएको छ । तर, सरोकारवाला निकाय हात बाँधेर बसेको छ । सरोकारवाला निकायले सर्वसाधारणको समस्या देखेर पनि अनदेखा गर्नु पछाडिको कारण स्पष्ट छ । उनीहरू आफूले खाएको नुनको मूल्य चुकाइरहेका छन् भने सर्वसाधारण मर्कामा परेका छन् ।

अनुगमन नगर्दा सर्वसाधारण त मारमा परी हाले, योसँगै राज्यलाई पनि घाटा भएको छ । राज्य राजस्वविहीन भएको छ । बजार अनुगमनलाई जति तीव्रता दियो, त्यति नै राजस्व उठ्ने हो । हरेक व्यापारीले आफ्नो मनोमानी चलाएका छन् । उपभोक्ता नठग्ने व्यापारी सायदै होलान् । सरोकारवाला निकायले धमाधम बजार अनुगमन गर्ने र गल्ती गर्नेलाई कानुनको दायरामा ल्याउने हो भने कति राजस्व उठ्छ ?

विडम्बना, सरोकारवालाहरूले आफ्नो दायित्वसमेत पूरा गर्न नसकेको अवस्था छ । महँगी सबैलाई बढेको छ । तर, तलब सरकारी कर्मचारीको मात्रै बढ्छ । सरकारले बर्सेनि सरकारी कर्मचारीको तलब बढाउँछ । त्यो बढाउनेबित्तिकै पेन्सन पनि बढ्छ । जसले गर्दा सरकारलाई आर्थिक भार पर्ने गरेको छ । सरकारी कर्मचारीका लागि सरकारले आर्थिक भार खेपेको छ तर सरकारी कर्मचारीले मुलुक र जनताका लागि के गरेका छन् त ?

राजस्व उठाउनु सरकारी कर्मचारीको काम हो । राजस्व उठाउनचाहिँ सक्दैनन्, सेवासुविधाचाहिँ बढीबढी चाहिएको छ । सरकारले कहाँबाट ल्याएर दिने हो र ? मुलुकका हरेक स्थानीय पालिकामा जनप्रतिनिधि छन् । मेयर, उपमेयर, वडाध्यक्षलगायत दुनियाँले मासिक तलबभत्ता बुझ्छन्, सरकारी गाडी चढ्छन् । तर, तिनीहरूले कामचाहिँ के गरेका छन् ?

पूरा समाजसेवी जसरी भाषण ठोकिरहेका हुन्छन् । जनताका लागि यो गर्छौं, त्यो गर्छौं, यति विकास गर्छौं भनेर आश्वासन दिनबाहेक अरु केही जानेका छैनन् । गर्ने बेला आयो भने सधैं पछाडि हट्छन् । भाषण गर्नकै लागि मासिक तलबभत्ता र सेवासुविधा लिएजस्तो हुन थालिसकेको छ, सर्वसाधारणलाई । सरकारी कर्मचारीलाई राष्ट्रसेवक कर्मचारी भनिन्छ । उनीहरूले मुलुकको रक्षा गर्ने र सर्वसाधारणलाई सेवा दिने भनेर जागिर खाएका हुन्छन् ।

तर, सबैभन्दा धेरै भ्रष्टाचार गर्ने र घूस खानेमा सरकारी कर्मचारीको नाम आएको छ । कार्यालय प्रमुखदेखि पियनसम्मले घूस खान्छन् । अनि यस्तालाई कुन मुखले राष्ट्रसेवक कर्मचारी भन्ने ? सरकारी कर्मचारीलाई राष्ट्रसेवक होइन 'राष्ट्रघातक' कर्मचारी भन्नुपर्ने बेला भएको छ । उपभोक्तावादी भनिएकाहरू दिनभरि मिडियामा घोक्रो सुक्नेगरी कराउँछन् । व्यापारीको खोइरो खनेझैं गर्छन् । राति व्यापारीहरूकैमा पैसा लिन पुग्छन् ।

सबैले जनतालाई भुंग्रोमा राखेका छन् । व्यापारी, सरकारी कर्मचारी, राजनीतिक दल, उपभोक्तावादीले ठग्ने जनता नै हुन् । नेपाली समाजमा एउटा चर्चित उखान छ 'बोल्न सक्नेको पिठो बिक्छ, बोल्न नसक्नेको पिठो पनि बिक्दैन ।' यो उखान अहिले सबैमाथि हाबी भएको छ । फटाहा कुरा गर्नेले यहाँ ठाउँ पाइरहेका छन् । इमान्दारितापूर्वक बाँच्छु भन्नेलाई त समाजले श्वास फेर्नसमेत दिँदैन ।

देशमा भ्रष्टाचार बढेपछि सर्वसाधारणले राजाको माग गर्न थालेका छन् । जनता महँगी र बेरोजगारीले भोकभोकै हिँडेका छन् । तर, राजनीतिक दललाई फरक परेको छैन । महँगी र बेरोजगारीले देशलाई कहाँ पुऱ्याउँछ ? हेर्दै जाऔं ।

*– अनुसा थापा, भक्तपुर*

**जानकारी**

**अब यस दैनिकले हरेक दिन पत्र-मञ्जुषा स्तम्भ सुरू गरेकाले पाठक वर्गहरूले आफूले चाहेको विषय वस्तु, सरकारी निकायको काम कारबाही वा पत्रिकामा सम्प्रेषण भएको समाचारका बारेमा पत्र लेख्नु भएमा त्यसलाई जस्ताको त्यस्तै प्रकाशन हुने जानकारी गराइन्छ । सं.**

prabhabdailynews@gmail.com
facebook.com/prabhab online

प्रभाव दैनिक

बिहीबार, २५ असोज २०८० (Thursday, October 12, 2023)

रूपशाला


## दयाहाङ र मिरूनाको 'लोकल हिरो' घोषणा

पछिल्लो समयका चर्चित तथा सफल फिल्म जोडी हुन् अभिनेता दयाहाङ राई र अभिनेत्री मिरूना मगर । यो जोडीको लगातार तीन फिल्म हिट भएको छ । त्यसैले पनि यो जोडीलाई लिएर फिल्म निर्माण गर्नेको ताँती छ अहिले । यस्तैमा दयाहाङ र मिरूनालाई जोडीको रूपमा लिएर फिल्म 'लोकल हिरो' निर्माण हुने भएको छ । निर्माता सरोज न्यौपानेले दयाहाङ र मिरूनालाई मुख्य भूमिकामा अनुबन्धित गर्दै फिल्म निर्माण घोषणा गरेका हुन् । फिल्मको नाम चलचित्र विकास बोर्डमा दर्ता समेत भैसकेको छ । रोमान्टिक, कमेडी तथा सामाजिक कथामा बन्ने यो फिल्म विश्वास तिमल्सिना र राज ऋषिले मिलेर निर्देशन गर्दैछन् ।



# परिवारका सदस्य गुमाएपछि अभिनेत्रीको भावुक स्टाटस

■ एजेन्सी



**मुम्बइ–** गत हप्ता प्यालेस्टिनी अतिबादी समूह हमासले गरेको अचानक आक्रमणपछि गाजा पट्टीमा हमासविरुद्ध इजरायलको आक्रमण तीव्र भएको छ । युद्धको चौथो दिनसम्ममा तीन हजारभन्दा बढी मानिसको मृत्यु भइसकेको छ ।

सो युद्धका कारण दुइ देशीय सीमामा बसोबास गर्ने दुबै देशका जनता सो आक्रमणबाट आफ्ना प्रियजन गुमाए पछि शोकमा छन् । हमासको निरन्तर आक्रमण र गाजाको 'पूर्ण नियन्त्रण' लिनको लागि इजरायलको बलियो अभियानको बीचमा निर्दोष मानिसहरू विरुद्ध बर्बरताका कथाहरू देखा परिरहेका छन् ।

यसै सन्दर्भमा, भारतीय टिभी अभिनेत्री मधुरा नाइकले आफ्ना काका र उनका छोराछोरीको 'क्रूरतापूर्वक हत्या' भएको बताएकी छन् ।

इन्स्टाग्राममा सेयर गरेको भिडियो सन्देशमा भारतीय मूलकी यहूदी नागिन अभिनेत्रीले भनिन्, 'मेरो परिवारले भोगेको पीडालाई शब्दले व्यक्त गर्न सक्दिन्। आजसम्म इजरायल पीडामा छ र सडकमा छ, क्रोधसहित हमासको आगोमा जलिरहेको छ।' नायिकाले अगाडी भनिन्, 'महिला, बालबालिका, वृद्ध, कमजोर सबैलाई निशाना बनाइएको छ ।'

उनले आफ्नी बहिनी र आफ्नो परिवारको तस्बिर पोस्ट गरेकी थिइन, त्यसपछि सामाजिक सञ्जालमा उनी ट्रोल भएकी थिइन । उनले भनिन, 'यसले पनि प्यालेस्टाइन समर्थक एजेन्डा कति गहिरो छ भन्ने देखाउँछ । म यहूदी हुँ भनेर मलाई अपमानित गरिएको छ ।'

ओडाया र उनको परिवारको घटनाले जारी सबैभन्दा रक्तपातपूर्ण इजरायल-हमास युद्धहरूको क्रूरता देखाउँछ। धेरै बालबालिका अहिले अनाथ भएका छन् र लगातार रकेट आक्रमण र प्रतिशोधात्मक हवाई आक्रमणमा धेरैको मृत्यु भएको छ । यस युद्धका दुवै पक्षका मृत्यु, डर र विनाशको अन्धकारले ढाकेका छन् ।

यहुदी कानून बमोजिम शव निकाल्ने परोपकारी संस्था जाकाका स्वयंसेवक मोती बुक्जिनले भने कि हमासका बन्दुकधारीहरूले बिरी किबुत्जमा मात्रै १०० भन्दा बढी व्यक्तिको हत्या गरेका थिए ।

# 'परदेशी-२ मा मौलिक नेपाली कथा छ'

■ प्रभाव संवाददाता

**काठमाडौं–** आगामी शुक्रबारबाट सार्वजनिक प्रदर्शनमा आउने फिल्म हो 'परदेशी २' । फिल्मको प्रदर्शन मिति नजिकिँदै गर्दा निर्माण युनिट भने पूर्वी नेपाल पुगेको छ । फिल्मको प्रचारका लागि भन्दै पूर्वी नेपाल पुगेको निर्माण टिमले मंगलबार इटहरीमा पत्रकार भेटघाट गर्दै फिल्मको बिभिन्न पक्षबारे जानकारी दिएको छ ।

फिल्मका अभिनेता प्रकाश सपूत, अभिनेत्री वर्षा शिवाकोटी र निर्माता राजेश वंशललगायतको उपस्थिति रहेको कार्यक्रममा अभिनेत्री वर्षाले 'परदेशी २' मौलिक नेपाली कथामा निर्माण भएको बताइन् । उनले फिल्मले सबै बर्गका दर्शकलाई मनोरञ्जन दिने दाबी गरिन् ।

अभिनेता प्रकाश सपुतले पनि आफ्नो संगीत करियरसँगै छायांकन सुरु भएको फिल्म भएपनी कहिले नमर्ने कथा 'परदेशी २' भएको बताए । उनले पहिलो फिल्मबाटै आफु अभिनयमा स्थापित हुने सुनाए ।

निर्माता बंशलले 'परदेशी २' निर्माणका लागि आफुले कुन कसुर बाँकी नराखेको बताइन् । अध्ययनका लागि विदेशिएका युवाको संघर्ष र त्यसबाट सिर्जित पारिवारिक एवम् सामाजिक संवेदनालाई आधार बनाएर निर्माण गरिएको फिल्म 'परदेशी-२' नेपालीको साझा कथा-व्यथा र त्रिकोणात्मक प्रेम कथामा आधारित छ ।

प्रकाश र वर्षासँगै केकी अधिकारी, प्रशान्त तामाङ, दिलीप रायमाझी, नीर शाह, रमा थपलिया, सबिन बास्तोला, देवेन्द्र बब्लु, रोशनी कार्कीलगायतको अभिनय छ । फिल्मको कथा तथा पटकथा रमेश बिजीले लेखेका हुन् । मानकृष्ण महर्जनको छायांकन, अष्ट महर्जनको द्वन्द्व, रामजी लामिछाने र गोविन्द राईको नृत्य निर्देशन रहेको फिल्म नरायण रायमाझीले निर्देशन गरेका हुन् ।



# रेखाको 'उपहार' माघ २६ मा आउने

■ प्रभाव संवाददाता

**काठमाडौं–** अभिनेत्री रेखा थापाको निर्माण अभिनय रहेको फिल्म 'उपहार' माघ २६ गते प्रदर्शन हुने भएको छ । यस अगाडि नयाँ वर्ष रिलिज मिति भनिएको फिल्म अहिले माघमा सारिएको हो ।

फिल्मको रिलिज मिति माघमा फिक्स भएको निर्देशक ज्ञानेन्द्र देउजाले बताए । 'हामीले रिलिज मिति आधिकारी घोषणा गरेको छैन । छिट्टै एक पोष्टर सहित माघ २६ लाई रिलिज मितिको रूपमा सार्वजनिक गर्छौं' निर्देशक देउजाले भने ।




अब यो फिल्म 'हात्तीछाप'सँग भिड्ने छ । किरण नेपालीको प्रस्तुतिमा तयार भएको फिल्म 'हात्तीछाप'ले यसअघि नै पोस्टर जारी गरेर माघ २६ लाई प्रदर्शन मिति तय गरी सकेको थियो ।

'उपहार' ३ महिला पात्रको कथामा निर्माण भएको फिल्म हो । फिल्ममा रेखा थापा, पूजा शर्मा र बेनिशा हमाल मुख्य भूमिकामा रहेको फिल्ममा मुकुन भुषाल, तेज गिरी र मिष्टर नेपाल समर्पण जंग थापाको पनि मुख्य भूमिका छ । फिल्मलाई रिच इन्टरटेन्मेन्ट र एफडी ग्रूपले काठमाडौं भित्र र मोफसलमा वितरण गर्नेछ ।

रंगशाला

# खेलकुदको विकासका लागि सघाउने प्रधानमन्त्रीको प्रतिबद्धता



■ प्रभाव संवाददाता

**काठमाडौं–** प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड'ले खेलकुदको विकासका लागि सरकारले सक्दो सहयोग गर्ने प्रतिबद्धता व्यक्त गरेका छन् ।

हालै चीनको हाङझाउमा आयोजित १९औं एशियाली खेलकुद प्रतियोगितामा पदक जित्न सफल खेलाडीलाई प्रधानमन्त्री निवास बालुवाटारमा बुधबार आयोजित कार्यक्रममा बधाई ज्ञापन गर्दै प्रधानमन्त्रीले आगामी दिनमा अझ धेरै पदक र उत्कृष्ट खेल प्रदर्शन गर्नेगरी परिश्रम गर्न आग्रह गरे ।

प्रधानमन्त्रीले १९औं एशियाली खेलकुदमा महिलाको प्रस्तुति रोचक भएको उल्लेख गर्दै आगामी दिनमा अझै ठूलो सफलता प्राप्त हुने विश्वास व्यक्त गरे । उक्त प्रतियोगिताअन्तर्गत महिला कराँतेमा नेपालले रजतपदक जितेको थियो । उनले आफू खेलाडीलाई हौसला दिन प्रतियोगितास्थलमा पुगेको स्मरण गर्दै पदक जितेका खेलाडीलाई उचित पुरस्कारको व्यवस्था गर्ने बताए । क्रिकेटमा कीर्तिमान कायम गरेका खेलाडीहरूको सराहना गर्दै प्रधानमन्त्रीले पुरस्कारको व्यवस्था हुने बताए ।

खेलाडीलाई प्रोत्साहन गर्नेसम्बन्धी नियमावली यसअघिको मन्त्रिपरिषद् बैठकबाट स्वीकृत भइसकेको उल्लेख गर्दै आजको मन्त्रिपरिषद् बैठकले खेलाडीलाई पुरस्कृत गर्नका लागि अर्थमन्त्रालयले निकासा दिने निर्णय भएको जानकारी दिए ।

'खेलाडीको प्रोत्साहनका लागि मैले पुरस्कार दिने घोषणा गरेको थिएँ, सरकारले नियमावली स्वीकृत गरिसकेको छ, आजको मन्त्रिपरिषद् बैठकमा खेलाडीलाई पुरस्कार दिनका लागि निकासाको निर्णय भयो र एक साताभित्र अर्थमन्त्रालयबाट रकम आउनेछ', उनले भने ।

कार्यक्रममा युवा तथा खेलकुदमन्त्री डिगबहादुर लिम्बू, राष्ट्रिय खेलकुद परिषद्का सदस्य सचिव टंकलाल घिसिङ, नेपाल ओलम्पिक कमिटीका अध्यक्षलगायतको उपस्थिति थियो । नेपाली खेलाडीले महिला करातेमा रजत र महिला कबड्डीमा कास्यपदक जितेका थिए ।

विश्वकप फुटबल छनोट

# नेपाल र लाओसबीचको खेल आज

■ प्रभाव संवाददाता

**काठमाडौं–** अखिल नेपाल फुटबल सङ्घ (एन्फा)ले फिफा विश्वकप-२०२६ को पहिलो चरणअन्तर्गत लाओसविरुद्ध खेलका लागि बुधबार २३ सदस्यीय नेपाली फुटबल टोलीको घोषणा गरेको छ । नेपाली राष्ट्रिय फुटबल टोलीका मुख्य प्रशिक्षक भिन्सेन्जो अल्बर्टो एनेसेले नयाँ खेलाडी अमृत श्रेष्ठ र सञ्जीव विष्टलाई समेट्दै २३ सदस्यीय टोलीको घोषणा गरेका हुन् ।

प्रशिक्षक एनेसेले लाओसविरुद्धको खेल आफनो लागि अवसर भएको बताउँदै टिममा रहेका नयाँ र ऊर्जावान युवाको सहभागिताले प्रतियोगितामा उत्कृष्ट खेल प्रदर्शन गर्ने विश्वास व्यक्त गर्नुभयो । हिमालयन शेर्पा क्लबका डिफेन्डर अमृत श्रेष्ठ र न्यूरोड टिमका फरवार्ड सञ्जीव विष्ट पहिलो पटक राष्ट्रिय टोलीमा प्रवेश गरेका हुन् ।




विश्वकप छनोटअन्तर्गत पहिलो खेलमा नेपालले आज लाओससँग खेल्नेछ । त्रिपुरेश्वरस्थित दशरथ रङ्गशालामा हुने उक्त खेल साँझ ५:३० बजे हुनेछ ।

होम एण्ड अवेका आधारमा हुने उक्त छनोट खेलमा नेपालले लाओससँग दोस्रो खेल यही असोज ३० गते उसकै मैदानमा खेल्नेछ । यस खेलको विजेता टोलीले विश्वकप छनोटको दोस्रो चरणमा स्थान बनाउने छन् ।

राष्ट्रिय फुटबल टोलीका कप्तान किरण चेम्जोङले लाओसविरुद्धको खेलका लागि आफनो टोलीले राम्रो अभ्यास गरेको बताए । छनोट हुने नेपाली टोलीको गोलकिपरमा किरणकुमार लिम्बू, दीप कार्की र अभिषेक बराल छन् । डिफेन्डरमा सनिश श्रेष्ठ, अनन्त तामाङ, आशिष गुरुङ, रोहित चन्द, अञ्जन राई, आशिष चौधरी र अमृत श्रेष्ठ छन् ।

मिडफिल्डरमा एरिक विष्ट, सुदिप गुरुङ, लाकेन लिम्बू, आवास लामिछाने, उत्सव राई, कृतिश रत्न छुन्जु र मनिष डाँगी छन् भने फरवार्डमा अन्जन विष्ट, आयुष घलान, जिलेस्पे जंग कार्की, दिनेश हेन्जन, हिसुब थपलिया र सञ्जीव विष्ट रहेका छन् ।

# अफगानिस्तानविरुद्ध नेपालको रोमाञ्चक जित

■ प्रभाव संवाददाता

**काठमाडौं–** श्रीलंकामा जारी सेन्ट्रल एसियन भलिबल एसोसिएसन (काभा) पुरुष भलिबल च्यालेन्ज कपमा नेपालले अफगानिस्तानलाई पराजित गरेको छ ।

कोलम्बोस्थित सुगाथादास रङ्गशालामा बुधबार भएको खेलमा नेपालले अफगानिस्तानलाई ३-२ सेटमा पराजित गरेको हो । अफगानिस्तानसितको खेलमा नेपालले पहिलो सेट २५-१९ अंकले आफ्नो पक्षमा पारेको थियो । नेपालले दोस्रो सेट १९-२५ तथा तेस्रो सेट २२-२५ अंकले गुमाएको थियो । नेपालले चौथो सेट २५-२१ अंकले तथा पाँचौं एवं निर्णायक सेट १५-१० अंकले आफ्नो पक्षमा पारेको थियो ।

नेपाल हालसम्म खेलेका तीनमध्ये दुई खेलमा विजयी तथा एउटामा पराजित भएको छ। नेपाल पहिलो खेलमा बङ्गलादेशसित ३-१ सेटले विजयी भएको थियो भने दोस्रो खेलमा श्रीलंकासँग ३-० को सोझो सेटमा पराजित भएको थियो । जारी प्रतियोगितामा अफगानिस्तानको यो पहिलो हार हो । अफगानिस्तानले यसअघि पहिलो खेलमा उज्वेकिस्तानलाई ३-२ तथा दोस्रो खेलमा बङ्गलादेशलाई ३-० को सेटमा पराजित गरेको थियो ।

नेपालले अब शुक्रबार साउदी अरबसित खेल्नेछ । यही असोज २८ गतेसम्म सञ्चालन हुने उत्त प्रतियोगितामा नेपालसहित अफगानिस्तान, बङ्गलादेश, श्रीलंका, साउदी अरब र उज्वेकिस्तान सहभागी छन् ।

# तेस्रो बेल्ट एण्ड रोड फोरम आयोजना गर्दै चीन

**बेइजिङ–** चीनले यही अक्टोबर १७ र १८ मा राजधानी बेइजिङमा तेस्रो बेल्ट एण्ड रोड फोरमको आयोजना गर्ने भएको छ । उक्त कार्यक्रममा धेरै विदेशी नेताहरू सहभागी हुने अपेक्षा गरिएको छ ।

'चिनियाँ राष्ट्रपति सि चिनफिङले फोरमको उद्घाटन समारोहमा मुख्य सम्बोधन गर्नुहुनेछ र फोरममा भाग लिन आउनुभएका विदेशी नेता र अन्तर्राष्ट्रिय संघसंस्थाका प्रमुखहरूका लागि स्वागत भोजको आयोजना गर्नु हुनेछ,' चीनको विदेश मन्त्रालयका प्रवक्ता हुवा चुनयिङले भने ।

रुसी राष्ट्रपति भ्लादिमिर पुटिनले आगामी हप्ता हुने उक्त कार्यक्रममा आफू सहभागी हुने बताएका छन् । रुसका विदेशमन्त्री सर्गेई लाभरोभ उक्त कार्यक्रममा सहभागी हुने र आफ्ना चिनियाँ समकक्षी वाङ यीसँग वार्ता गर्ने रुसी विदेश मन्त्रालयले मंगलबार बताएको छ ।

'बेइजिङ आएर सहयोग योजनाहरूमा छलफल गर्न र साझा विकासको खोजी गर्न हामी बेल्ट एण्ड रोड इनिसिएटिभमा सहभागी हुन आउने मुलुक र साझेदारहरूलाई स्वागत गर्दछौं,' विदेश मन्त्रालयका प्रवक्ता माओ निङले गत महिना भनेका थिए ।

यो कार्यक्रममार्फत चीनले बेल्ट एण्ड रोड पूर्वाधार पहलको १०औं वार्षिकोत्सव मनाउने छ । चीनले मंगलबार श्वेतपत्रमा उसको बेल्ट एण्ड रोड इनिसिएटिभ पूर्वाधार परियोजनाले विश्वभर २० खर्ब अमेरिकी डलरको सम्झौता गरेको बताएको थियो । उक्त रकम विश्वका केही ठूला अर्थतन्त्रको आकार बराबर हो ।

चिनियाँ विदेश मन्त्रालयका अनुसार उक्त कार्यक्रममा १३० भन्दा बढी मुलुकका प्रतिनिधिहरूले सहभागिता जनाउने बताएको छ । *रासस/एएफपी*

# युरोपमा बुढ्यौली उमेरको जनसंख्या बढी

**कोपेनहेगन–** नयाँ सामाजिक, आर्थिक र स्वास्थ्य चुनौतीहरूको चेतावनी दिँदै विश्व स्वास्थ्य संगठन (डब्ल्युएचओ)ले सन् २०२४ सम्ममा युरोपमा ६५ वर्षमाथि उमेर समूहको जनसंख्या १५ वर्षमुनि उमेर समूहभन्दा बढी हुने बताएको छ ।

युरोप विश्वव्यापी परिवर्तनको तुलनामा दशकौं अगाडि छ । आवर वर्ल्ड इन डाटा इन्स्टिच्युटको अनुमानअनुसार युरोप ६० वर्षपछि सन् २०६४ को हाराहारीमा रहेको अपेक्षा गरिएको छ ।

'सन् २०२४ सम्ममा डब्ल्युएचओ युरोपेली क्षेत्रमा ६५ वर्षभन्दा बढी उमेर भएको व्यक्तिको जनसंख्या १५ वर्षभन्दा कम भएको व्यक्तिको जनसंख्याभन्दा बढी हुने अनुमान गरिएको छ,' डब्ल्युएचओले एक विज्ञप्तिमा भनेको छ, 'यो प्रवृत्तिको अर्थ नयाँ सामाजिक, आर्थिक र स्वास्थ्य चुनौतीहरू हुन् जसले बुढ्यौली उमेरको जनसंख्याको प्रभावलाई कम गर्न स्वस्थ उमेरमा ध्यान केन्द्रित गर्न माग गर्दछ ।'

डब्ल्युएचओ युरोपेली क्षेत्रले मध्य एसियाका थुप्रै मुलुकसहित ५३ मुलकलाई समेट्छ । युरोपभर लामो जीवनको अपेक्षा घट्दो स्वास्थ्यको पर्यायवाची हो । बुढ्यौली जनसंख्याको प्रभावलाई कम गर्न डब्ल्युएचओले वृद्धहरूलाई उनीहरूको शारीरिक र मानसिक स्वास्थ्य, स्वतन्त्रता, सामाजिक कल्याण र गुणस्तरीय जीवनको संरक्षण र सुधारमा सक्षम बनाउने उपायका लागि आह्वान गरेको छ । *रासस/एएफपी*

# इजरायलमा मृत्यु हुनेको संख्या १२ सय पुग्यो

**जेरुसेलम–** इजरायल-हमास द्वन्द्वमा एक हजार २०० भन्दा बढी इजरायलीहरूको मृत्यु भएको इजरायलको प्रतिरक्षा फौज (आइडिएफ)का प्रवक्ताले बुधबार बताएका छन् । यो संख्या यसअघि बताइएको एक हजारभन्दा बढी हो ।

'मृत्यु हुनेको संख्या एक हजार २०० पुगेको छ,' आइडिएफका प्रवक्ता लेफ्टिनेन्ट कर्णेल जोनाथन कन्रिकसले एक भिडियो मेसेजमा भने । उनले मारिनेहरूमा अधिकांश सर्वसाधारण रहेको जानकारी दिए ।

यसैबीच इजरायलले गाजापट्टीमा रातभर गरेको हवाई हमलामा कम्तीमा ३० जनाको मृत्यु भएको र सयौं घाइते भएको हमास सरकारका एक अधिकारीले बुधबार बताएका छन् । हमास सरकारको सञ्चार कार्यालयका प्रमुख सलमा मरूफले इजरायली हमलामा दर्जनौं आवासीय भवन, कारखाना, मस्जिद र पसलहरू प्रभावित भएको एएफपीलाई जानकारी दिए ।

इजरायली सेनाले रातको समयमा हमासका थुप्रै लक्ष्यमा आक्रमण गरेको पुष्टि गरेको छ । *रासस/एएफपी*

# अफगानिस्तानमा ६.१ म्याग्निच्युडको भूकम्प

**काबुल–** अफगानिस्तानमा बुधबार ६.१ रेक्टर स्केलको भूकम्प गएको राष्ट्रिय भूकम्प विज्ञान केन्द्र (एनसिएस) ले बताएको छ । बुधबार बिहान ६:११ बजे १० किलोमिटरको गहिराइमा भूकम्प गएको एनसिएसले उल्लेख गरेको छ ।

भूकम्पबाट हताहतको कुनै समाचार भने आएको छैन । तालिबान नेतृत्वको मन्त्रालयलाई उद्धृत गर्दै खामा प्रेसले अफगानिस्तानको हेरात प्रान्तमा गत शनिबार गएको भूकम्पमा परी चार हजारभन्दा बढीको ज्यान गएको र हजारौं आवासीय घर क्षतिग्रस्त भएको बताएको छ ।

शनिबार हेरातमा २० गाउँका एक हजार ९८३ घर क्षतिग्रस्त भएको अफगानिस्तानको तालिबान नेतृत्वको विपद् व्यवस्थापन मन्त्रालयले जनाएको छ । यद्यपि तालिबानले हेरातमा भूकम्पमा परी मर्ने र घाइतेहरूको विवरण खुलासा गरेको छैन ।

तालिबान नेतृत्वको मन्त्रालयले सोमबार भूकम्प गएको क्षेत्रमा एक हजार व्यक्तिसहित ३५ राष्ट्रिय तथा विदेशी उद्धार तथा खोज कार्यमा रहेको जनाएको खामा प्रेसले बताएको छ ।

तालिबानले भग्नावशेषमा पुरिएका उद्धार र राहत कार्य जारी रहेको बताएको छ । हेरात भूकम्पका पीडितहरूलाई युरोपेली युनियन र विश्व स्वास्थ्य संगठनले नगद, खाद्यान्न र चिकित्सा सहयोग प्रदान गर्ने प्रतिबद्धता व्यक्त गरेका छन् । *रासस/एएनआई*


## युएईमा वैदेशिक रोजगारको अवसर

कम्पनी: A T V A TECHNICAL AND CLEANING SERVICES LLC

पुर्व स्वीकृति मिति २०८०/०२/२३ | पुन विज्ञापन स्वीकृति मिति २०८०/०६/२४ | LT. No.287189 | चलानी नं. ६०२०२६९६

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव AED | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Electrical Engineer | 1 | 0 | 2200 | ७८,६१० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Human Resource Manager | 1 | 0 | 2500 | ८९,३३० | | | | | | | |
| 3 | Cleaning Supervisor | 1 | 0 | 1500 | ५३,५९५ | | | | | | | |
| 4 | Security Guard | 1 | 0 | 1200 | ४२,८८० | | | | | | | |
| 5 | Tile Layer | 2 | 0 | 900 | ३२,१६० | | | | | | | |
| 6 | Air Conditioning Mechanic | 1 | 0 | 1000 | ३५,७३० | | | | | | | |
| 7 | Bricklayer Assistant | 1 | 0 | 900 | ३२,१६० | | | | | | | |
| 8 | Painter Assistant | 1 | 0 | 900 | ३२,१६० | | | | | | | |
| 9 | Window Cleaner | 1 | 0 | 900 | ३२,१६० | | | | | | | |
| 10 | Cleaner | 3 | 0 | 900 | ३२,१६० | | | | | | | |
| 11 | Chemical Processing Plant Contoller | 1 | 0 | 1000 | ३५,७३० | | | | | | | |
| 12 | Operation Manager | 1 | 0 | 1800 | ६४,३१५ | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौमा मिति: २०८० कार्तिक २ गते (19th Oct. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यतवस्था: रु. १,५००/- कामदार आफैंले सेवा शुल्क: नि:शुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । २) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ३) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ४) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ५) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ६) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**Nasser Outsourcing Consultants Pvt. Ltd.**
Ratopool-9, Kathmandu, nepal, Tel: +977-1-4465090 (6 Line), Fax: +977-1-4411950, Email: nocnepal@nassers.org
श्रम ईजाजत नं. ६१९/०६३/०६४

## युएईमा वैदेशिक रोजगारको अवसर

कम्पनी : AL REMAIHI INTERIOR DECORATION WORKS LLC

पुर्व स्वीकृति मिति २०८०/०२/०६ | पुन विज्ञापन स्वीकृति मिति २०८०/०६/२४ | LT No.286354 | चलानी नं.६०२०१७६०

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव AED | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Gypsum Finishing Carpenter | 1 | 0 | 1200 | ४३,४३५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौमा मिति: २०८० कार्तिक २ गते (19th Oct. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यतवस्था: रु. १,५००/- कामदार आफैंले सेवा शुल्क: १०,०००

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**OM OVERSEAS EMPLOYMENT PVT.LTD**
Govt. License 1518/074/075
Basundhara - 3, Kathmandu, Nepal,Tel : +977-1-5903266, 985-1105656, 9856028101, 981-6692574
E-mail : omoverseas36@gmail.com, omoverseas666@gmail.com

## साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी : AL HANOUF MOHAMMED BIN FALAH AL SHAHRANI FAST FOOD

पूर्व स्वीकृति मिति: २०८०/०६/२४ | LT. No. 293938 | चलानी नं.: ६०२०९०६१

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Kitchen Worker | 2 | 0 | 1000 | ३५,४४५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौमा मिति: २०८० कार्तिक २ गते (19th Oct. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले सेवा शुल्क: १०,०००

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**Felicity International Employment Agency Pvt.Ltd.**
Govt. License 226/058/059
P.O.Box: 11603, Samakhushi -26, Town Planning, Kathmandu, Nepal.
Tel: + 977-1-4950794 Fax : +977-1-4956420, Email: felicity@infoclub.com.np

## मलेसियामा वैदेशिक रोजगारको अवसर

कम्पनी : PEKA AZAMAT SDN BHD

पुर्व स्वीकृति मिति २०८०/०५/०१ | पुन विज्ञापन स्वीकृति मिति २०८०/०६/२४ | LT. No. 291146 | चलानी नं. ६०२०६३५७

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव RM | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Plantation Workers | 10 | 0 | 1500 | ४२,९०० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौमा मिति: २०८० कार्तिक २ गते (19th Oct. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यतवस्था: रु. १,५००/- कामदार आफैंले सेवा शुल्क: नि:शुल्क/-

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**SWIFT H.R. SOLUTION PVT. LTD.**
श्रम ईजाजत नं. ११९७/०७३/०७४
Samakhusi-26, Kathmandu, Nepal, Phone: +977-1-4952852, 4964820
Fax: 4352852, E-mail : swifthr12@gmail.com Website : swifthrsolution.com

## मलेशियामा वैदेशिक रोजगारको अवसर

कम्पनी : MULTI SQUARE SDN BHD

पूर्व स्वीकृति मिति २०७९/१२/१७ | पुन विज्ञापन स्वीकृति मिति : २०८०/०६/२४ | LT. No. 283691 | चलानी नं. ६०१९९२१६

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव RM | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Factory Worker | 10 | 0 | 1500 | ४२,९०० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौमा मिति: २०८० कार्तिक २ गते (19th Oct. 2023) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कसले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको मेडिकल खर्च कसले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कसले व्यहोर्ने / कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कसले तिर्ने | कामदारलाई हवाई टिकट कसलेदिने र कति लाग्ने | भिषा शुल्क कसले व्यहोर्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदार आफैंले | बिमा हुने /प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले दिने | रु.७००/- कामदार आफैंले | रोजगारदाताले दिने |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु.१,५०० कामदार आफैंले सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने : नि:शुल्क/-

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**DREAMLAND MANAGEMENT PVT.LTD.**
(FIRDOSH INTERNATIONAL OVERSEAS COMPANY PVT. LTD.)
Govt. License 776/065/066
Samakhusi-29, Kathmandu, Nepal (सामाखुसी स्वीमिङ पुल अगाडि).
Tel: +977-1-4365939 4382814 Fax: +977-1-4384392
Email: firdoshinternational@gmail.com, Website: www.fiocnepal.com

## MAURITIUS मा वैदेशिक रोजगारको अवसर

कम्पनी : SIMLA SUPERMARKET CO LTD.

पूर्व स्वीकृति मिति २०८०/०६/२३ | LT. No. : 293886 | चलानी नं. ६०२०८८५९

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव MUR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Packing Machine Operators | 20 | 0 | 15000 | ४५,०६५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौमा मिति: २०८० कार्तिक २ गते (19th Oct. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यतवस्था: रु. १,५००/- कामदार आफैंले सेवा शुल्क: नि:शुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**The Center Overseas Concern Pvt.Ltd**
श्रम ईजाजत नं. ०८५/०५३/०५४
Basundhara, Ktm, Nepal, Tel : +977-1-4985474, 4985586, Mob: 9861045857

## मलेसियामा वैदेशिक रोजगारको अवसर

कम्पनी : PROPERTY PROTECTION SDN BHD

पुर्व स्वीकृति मिति २०७९/१२/३० | पुन विज्ञापन स्वीकृति मिति २०८०/०६/२४ | LT No. 284654 | चलानी नं. ६०२००१००

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव RM | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Security Guard | 50 | 0 | 1500 | ४२,९०० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौमा मिति: २०८० कार्तिक २ गते (19th Oct. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले सेवा शुल्क: नि:शुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरू साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बदि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

**Career Development Human Resource Pvt. Ltd.**
श्रम ईजाजत नं. १२३०/०७४/०७५
Buddhanagar, New Baneshwor, Kathmandu, Nepal Phone : 01-4784063, 4784064, Fax: 01-4784063 E-mail: info@careerdevelopmenthr.com

## वर्गीकृत विज्ञापन संकलन काउन्टर

पशुपति विज्ञापन सेवा – सोह्रखुट्टे, नयाँबजार फोन नं. ४३५५७६०, ९८४१८८७७१६ ९८६६४३०१५५ । स्मार्ट सर्भिस नेपाल प्रा.लि.–सिनामंगल, एयरपोर्ट, शम्भु मार्ग, फोन नं.०१२२९६६५८/९८४२६३५८१५ । लोटस कम्युनिकेशन– गोंगबुचोक, फोन नं. ४३६४७१ । ध्रुवको पसल– डिल्लीबजार, फोन नं. ४४३९२०१ । Reachmond Books Shop (रोहित दाहाल) – फोन नं.४०१६३१८, महाराजगञ्ज, भाटभटेनी गेट । Yonjan Enterprise - Dhalku Bhishal Nagar, 4438217 । दन्तकाली स्टेशनरी – नयाँबसपार्क फोन नं. ९८१३९६०७४६ । सारीका स्टेशनरी पसल – फोन नं. ९८५११२९६८६ । ज्ञान्जयोति पुस्तक पसल – बागबजार, फोन नं. ४२४००६० । विश्व स्वतन्त्र सञ्चार– सुन्धारा, फोन नं. ४२१९४१२ । निशा बुक्स एण्ड स्टेशनरी – लगनखेल, ५५३१९५७, ९८४१६२७४८९ । वीडलिंक मिडिया प्रा.लि. – पूरानो बानेश्वर चोक, फोन नं. ४४९२३०९, २०१४९३२, ९८४९६०६१४ । हिमचुली स्टेशनरी– बालाजु नेपालटार, फोन नं.४३८७२४२, ९८४१४४००८३ । मल: स्टेशनरी– गट्ठाघर ठिमी, फोन नं. ६६३०७५७ । B-Tech Nepal- पुतलीसडक चोक, फोन नं.9851079417, 2297501| HaLMax Communication - Jamal Kathmandu, 4224181, 4245457, 9841853198, (Hari Dawadi) जमलको पुलमुनी– विश्वज्योति हल हसाईडमा), बी.एण्ड बी. कम्यूनिकेशन एण्ड साइबर– कलंकी चोक फोन: ०१–४२७६५३०, फ्याक्स:०१–४२७१३२२ । दाजुभाइ स्टेशनरी – पिंगलास्थान, गौशाला, फोन: ०१–४४९४६१५, ९८४९५०८१९९, ए.आर स्टेशनरी च्यासल गेट –९ ललितपुर फोन नं. ९८४१२८६९८९, हलफच्याक्स मिडिया एण्ड कम्यूनिकेशन जमल, काठमाडौं सम्पर्क : ०१– ४२२४१८१, ०१– ४०१२५७७, लोटस एड मिडिया एण्ड मार्केटिङ गोंगबु चोक फोन नं. ९८५१०२४३९८ र ९८६०३४६२५७, कमल स्टेशनरी, सिफल फोन नं. ९८४३२६४२३२, ०१४५८०१८४ ।

प्रभाव दैनिक National Daily

# अर्थ बजार

आजको मूल्य

| छापावाला सुन | तेजाबी सुन | चाँदी |
|---|---|---|
| प्रति तोला - १०८८०० | प्रति तोला - १०८३०० | प्रति तोला - १३४० |

## खुर्कोट-न्यु बुटवल खण्डको प्रसारण लाइन परीक्षण सफल

■ प्रभाव संवाददाता

**पर्वत-** राष्ट्रिय गौरबको आयोजना कालीगण्डकी प्रसारण करिडोर आयोजनाअन्तर्गत पर्वतको खुर्कोट-न्यूबुटबल खण्डको परीक्षण सफल भएको छ। कालीगण्डकी करिडोरको दुई सय २० केभी प्रसारण लाइनअन्तर्गत यो खण्डको काम पूर्ण भएपछि असोज १० गतेदेखि चार्जिङ सुरु भएको थियो ।

विद्युत् प्रसारण र चार्जिङ सुरु भएसँगै अहिले लोड लिइरहेको आयोजनाले जनाएको छ। सो आयोजनाबाट निर्माण भएको खुर्कोट- न्यूबुटवल खण्डअन्तर्गत पर्वत जिल्लाको कुश्मा नगरपालिका- २ खुर्कोटस्थित खुर्कोट सवस्टेशनदेखि बागलुङ, पर्वत, स्याङ्जा, पाल्पा, रूपन्देही हुँदै नवलपरासी जिल्लाको सुनवल नगरपालिकामा अवस्थित न्यूबुटबल सबस्टेशनसम्म करिब ९० किलोमिटर लामो दुई सय २० केभिको डबल सर्किट प्रसारण लाइनको परीक्षण सफल भएको आयोजनाका सुपरभाइजर देव शर्मा पौडेलले जानकारी दिए । उनका अनुसार असोज ३० गते गरिएको पहिलो चरणको परीक्षण प्रसारणसमेत सफल भएको थियो। 'खुर्कोट-न्यू बुटवल सबस्टेसनसम्म लाइन तानेर परीक्षणको काम पूरा भएपछि प्रसारण लाइनले 'लोड' लिएको छ। सुपरभाइजर पौडेलले भने, 'लाइनमा अहिले चार्ज मात्रै छ, करेन्ट प्रवाह भएको छैन ।'

विद्युत् प्रसारण भने दुवै सर्किटमा भइरहेको भन्दै उहाँले तयार भएको कोरिडोरको लाइन क्षमता १२ सय मेगावाट भएकोले यो दीर्घकालीनरूपमा पनि निकै लामो आयु भएको आयोजना भएको बताए। तत्कालका लागि १०० मेगावाट विद्युत् मात्रै यो लाइनमा पठाउने तयारी छ । यो लाइनको क्षमताका लागि भूमहीमा अहिले १०० एमबीए क्षमताको 'ट्रान्सफर्मर' राखिएको सुपरभाइजर पौडेलको भनाइ थियो ।

आयोजनाले एक-दुई महिनाभित्रै तीन सय १५ एमबीएको 'ट्रान्सफर्मर' राखेर धेरै विद्युत् प्रसारणको तयारी गरिरहेको छ । आयोजनाका सहायक इञ्जिनीयर युवराज पाण्डेका अनुसार करिडोरअन्तर्गत खुर्कोट-न्यू बुटबल खण्डको काम सकिएको र चार्जिङसमेत भइरहेको छ । अहिलेसम्मको सबै परीक्षण सफल भएका छन् । यस प्रसारण लाइनको क्षमता दुई हजार मेगावाट रहेको छ । चार्जिङ सम्पन्न भएपछि केही दिनमा अहिलेको लागि झण्डै १०० मेगावाट विद्युत् प्रवाह हुने सहायक इञ्जिनीयर पाण्डेले जानकारी दिए ।

कालीगण्डकी र यसका सहायक नदीमा निर्माण हुने जलविद्युत् आयोजनाको विद्युत् प्रवाहका लागि नेपाल सरकार तथा प्राधिकरणको लगानी र एसियाली विकास बैंकको सहुलियतपूर्ण ऋणमा कालीगण्डकी करिडोर प्रसारण लाइनको निर्माण गरिएको हो। आयोजनाअन्तर्गत म्याग्दीको अन्नपूर्ण गाउँपालिका-३स्थित दानाबाट पर्वतको कुश्मा नगरपालिका-२ खुर्कोटसम्मको ३९दशमलव छ किलोमिटरको पहिलो खण्ड निर्माण भई दुईवर्ष अघिदेखि नै सञ्चालनमा आइसकेको छ भने खुर्कोटमा २२०/१३२ केभी र दानामा २२०/१३२/३३ केभी सबस्टेसन निर्माण गरिएको छ ।

## नेप्से परिसूचकमा झिनो अंकको सुधार

**काठमाडौं (प्रस)-** यो सातामा कारोबारको लगातार तीन दिनसम्म घटेको नेपाल स्टक एक्सचेञ्ज (नेप्से) परिसूचकमा बुधबार भने सामान्य अंकको सुधार देखिएको छ । बुधबार नेप्से परिसूचक पाँच दशमलव १६ अंकले बढेर एक हजार आठ सय ९४ दशमलव ७६ बिन्दुमा कायम भएको छ ।

विभिन्न दुई सय ८६ कम्पनीका ३७ लाख ३३ हजार पाँच सय २४ कित्ता सेयर ५५ हजार एक सय ९७ पटक खरिदबिक्री हुँदा रू एक अर्ब आठ करोड ८५ लाख ४७ हजार नौ सय ८० बराबरको कारोबार भएको नेप्सेले जनाएको छ। कारोबारमा उत्पादन तथा प्रशोधन समूह शून्य दशमलव १३, निर्जीवन बीमा समूह शून्य दशमलव ०६ र व्यापार समूह शून्य दशमलव १३ प्रतिशतले घटेको छ । अरु सबै समूहको उपसूचक बढेको छ। सबैभन्दा धेरै एक दशमलव ८० र म्युचुअल फन्ड एक दशमलव ०७ प्रतिशतले बढेको छ ।

एक सय ३७ कम्पनीको सेयर मूल्य बढेको छ। सबैभन्दा धेरै सिटी होटल लिमिटेडको सेयर मूल्यमा सकारात्मक सर्किट लागेको छ । सबैभन्दा धेरै घट्नेमा भने सानिमा जिआईसी इन्स्योरेन्स लिमिटेडको सेयर मूल्य चार दशमलव २१ प्रतिशतले घटेको छ । कारोबार रकमका आधारमा सबैभन्दा धेरै मान्डु हाइड्रोपावर लिमिटेडको रू चार करोड ८० लाख ९० हजार आठ सय १६ बराबरको किनबेच भएको छ । कारोबार भएका सेयर सफ्याका आधारमा सबैभन्दा धेरै हिमाल दोलखा हाइड्रोपावर कम्पनी लिमिटेडको एक लाख ६६ हजार सात सय २९ कित्ता सेयर किनबेच भएको छ ।

## अग्रिम टिकट बुकिङका लागि बसपार्कमा भीड

■ प्रभाव संवाददाता



**काठमाडौं-** सरकारले दसैंमा घर जाने यात्रुलाई लक्षित गरी यही असोज २२ गतेदेखि सार्वजनिक सवारीसाधनको अग्रिम टिकट बुकिङ खुला गरेसँगै गोंगबुस्थित नयाँ बसपार्कमा टिकट लिनेको भीड लागेको छ ।

सरकारले विजयादशमी, शुभदीपावली तथा छठ पर्वमा घर जाने यात्रुलाई लक्षित गरेर अग्रिम टिकट बुकिङ खुला गरेको हो । यतिबेला संघीय राजधानी काठमाडौंमा अध्ययन, व्यापार व्यवसाय, रोजगारीलगायतका विभिन्न उद्देश्यले आएकाहरू घरजानका लागि टिकट काट्न नयाँबसपार्कमा जम्मा भएका छन् । नयाँबसपार्क सञ्चालन गरिरहेको लोत्से बहुउद्देश्यीय प्रालिका प्रवक्ता पंकज मल्लले दुई दिनमा झण्डै ४० हजार अग्रिम टिकट बुकिङ भइसकेको जानकारी दिए। उनका अनुसार असोज २२ गते २४ हजार ३४० र असोज २३ गते १५ हजार २५ टिकट बुकिङ भइसकेको छ ।

यही असोज २२ गते बुकिङ भएका टिकटमध्ये कोसी, मधेस र बागमती प्रदेशका लागि एक हजार २३०, गण्डकी प्रदेशका लागि ९७५, लुम्बिनी प्रदेशका लागि १३ हजार ५३५, कर्णाली प्रदेशका लागि एक हजार ७०० र सुदूरपश्चिम प्रदेशका लागि छ हजार ९०० टिकट बुकिङ भएको छ ।

यस्तै, असोज २३ गते कोसी, मधेस र बागमती प्रदेशका लागि एक हजार १७०, गण्डकी प्रदेश ५००, लुम्बिनी प्रदेश सात हजार ५३५, कर्णाली प्रदेशमा एक हजार ६२० र सुदूरपश्चिम प्रदेशमा चार हजार २०० टिकट बुकिङ भएको छ। सरकारले लामो तथा मध्यम दूरीका सार्वजनिक सवारीसाधनको टिकट खुला गरेको हो । पश्चिम नेपालको दार्चुला, डडेलधुरा, धनगढी, टीकापुर, बझाङ, बाजुरा, सल्यान, रुकुम, प्यूठान, दाङ, अर्घाखाँची, रोल्पा तथा पूर्वी नेपालको ताप्लेजुङ, इलाम, काँकडभित्ता, उदयपुरलगायतका ठाउँमा जाने यात्रुको भीडभाड लागेको छ ।

लामो समयदेखि काठमाडौंदेखि धनगढीसम्म डिलक्स बस चलाउँदै आएका बर्दियाका रामानन्द थारु बाटोको कारणले बसलाई ओहोरदोहोर गर्न समस्या भएको बताउँछन् । 'विभिन्न ठाउँमा बाटो बिग्रँदा भनेको समयमा बस गन्तव्यस्थल पुऱ्याउन सकिँदैन,' उनले भने ।

## कर्पोरेट

### २५ मिलियन डलर क्लाइमेट फन्डको ऋण लिँदै ग्लोबल आइएमई

GLOBAL CLIMATE PARTNERSHIP FUND

Global IME Bank ग्लोबल आइएमई बैंक लि. सबैका लागि बैंक

**काठमाडौं (प्रस)-** ग्लोबल आइएमई बैंक लिमिटेडले ग्लोबल क्लाइमेट पार्टनरपशिप फन्ड (जीसीपीएफ), लक्जम्बर्गबाट २५ मिलियन अमेरिकी डलर ऋण लिने भएको छ। दुईपक्षबिच यससम्बन्धी सहमती पत्रमा हस्ताक्षर गरी सम्झौता आदान प्रदान भइसकेको छ । उक्त ऋणले बैंकको कर्जा प्रवाह क्षमतालाई अभिवृद्धि गर्नुका साथै बैंकलाई उर्जा दक्षता प्रवर्द्धन गर्न तथा नविकरणीय ऊर्जा परियोजनाहरूमा वित्तीय सहायता प्रदान गर्न सहयोग पुग्नेछ ।

जीसीपीएफले जलवायु परिवर्तनसम्बन्धी व्यवस्थापनमा सहयोग पुऱ्याउने उद्देश्यले नेपालमा पहिलो पटक ग्लोबल आइएमई बैंकलाई ऋण प्रदान गरेको हो । वातावरण संरक्षणमा यसको महत्वपूर्ण वित्तीय भूमिका रहने विश्वास गरिएको छ । बैंकका प्रमुख कार्यकारी अधिकृत रत्नराज बज्राचार्यले विश्वका विभिन्न २७ विकासोन्मुख तथा उदीयमान राष्ट्रहरूमा जलवायु परिवर्तन तथा दिगो विकासमा केन्द्रित रही वित्तीय लगानी गर्दै आएको जीसीपीएफसँगको सहकार्यप्रति खुशी व्यक्त गर्दै प्राप्त ऋण सहयोगले बैंकको कर्जा लगानी क्षमता अभिवृद्धि हुने र उर्जा क्षेत्रमा लगानी बढाउन थप सहयोग पुग्ने विश्वास व्यक्त गरे ।

नेपालमा जलवायु परिवर्तनबाट पर्ने असर कम गर्न, उर्जा क्षेत्रमा प्रभावकारीता एवं दक्षता वृद्धि गर्न तथा नविकरणीय ऊर्जा परियोजनाहरूमा वित्तीय सुविधा उपलब्ध गराउन यस क्लाइमेट फन्डले महत्वपूर्ण सहयोग पुऱ्याउने दुवै पक्षले विश्वास लिएको छन् । ग्लोबल आइएमई बैंक मुलुकका ७७ जिल्लामा शाखा सञ्जाल रहेको निजी क्षेत्रको पहिलो वाणिज्य बैंक हो। बैंकले ३५० शाखा, ३६९ एटीएम, ३२२ शाखा रहित बैंकिङ्ग सेवा, ६६ एक्सटेन्सन तथा राजश्व संकलन काउन्टर तथा ३ वटा वैदेशिक प्रतिनिधि कार्यालयसमेत गरी १,१०० भन्दा बढी सेवा केन्द्रबाट ४५ लाख भन्दा बढी ग्राहकहरूमाझ सेवा प्रदान गरिरहेको छ ।

### लक्ष्मी सन्राइज बैंकले 'दशैं आयो' योजना

**काठमाडौं (प्रस)-** लक्ष्मी सन्राइज बैंकले 'दशैं आयो' योजना ल्याएको छ। उत्साह र उमङ्ग सहित मनाइने महान चाड दशैंलाई लक्षित गरी विभिन्न अफरहरू सहित लक्ष्मी सन्राइज बैंकले 'दशैं आयो' योजना ल्याएको छ। दशैंको उपलक्ष्यमा अझ उत्साह र रमाईलो थप्न यो योजना ल्याइएको हो ।

असोज १८ देखि कार्तिक ३० गतेसम्म लागू हुने यस योजना अन्तर्गत लक्ष्मी सन्राइज बैंकको मोबाइल मनि, डेबिट कार्ड तथा क्रेडिट कार्ड प्रयोगमा विभिन्न प्रकारका क्यासब्याक प्राप्त गर्न सकिनेछ । परम्परागत रूपमा दशैंमा गरिने गतिविधीहरूलाई थप उत्साह प्रदान गर्न जस्तै मिठो खान-पिन, भ्रमण, शपिङ्ग तथा रमाईलोलाई ध्यानमा राखी सो योजना ल्याइएको बैंकले जनाएको छ। पहिलो अफर 'घुम्न जाउँला' मा लक्ष्मी सन्राइज बैंकको मोबाइल मनि प्रयोग गरी बस र हवाई टिकट खरिद गर्दा क्रमशस् २५० र ५०० को क्यासब्याक पाउन सकिनेछ। यो अफर असोज १८ गते देखि कात्तिक ९ गते सम्म लागु हुनेछ भने क्यासब्याक प्राप्त गर्नका लागि मोबाइल मनि मार्फत टिकट काट्नुका साथै सो अवधि




भित्र कुनै एक बिल भुक्तानी पनि गर्नु पर्नेछ ।

अर्को अफर 'शपिङ्ग गरौंला' मा भाटभटेनी सुपरमार्केटमा सामान खरिद गरी क्रेडिट कार्ड मार्फत भुक्तानी गर्दा १० प्रतिशत वा बढीमा १००० रूपैयाँसम्मको क्यासब्याक पाउन सकिनेछ। सो योजना असोज २७ गते देखि कात्तिक ३ गते सम्म लागू रहने बैंकले जनाएको छ । यसै गरी 'खाउँला पिउँला' योजनामा असोज् २८ गते देखि कात्तिक १२ गते सम्म फुडमान्डु एप बाट अर्डर गरी लक्ष्मी सन्राइज बैंकको डेबिटर क्रेडिट कार्ड वा मोबाइल मनिबाट अन्लाइन भुक्तानी गर्दा प्रति दिन प्रति व्यक्ति २० प्रतिशत वा बढीमा २०० रूपैयाँसम्म क्यासब्याक पाउन सकिनेछ । यसै अफर अन्तर्गत के एफ सीको तथा पिज्जा हटका कुनै पनि आउटलेटमा डेबिट कार्ड वा क्रेडिट कार्ड को 'ट्याप एण्ड पे' फिचर प्रयोग गरी भुक्तानी गर्दा प्रति दिन प्रति व्यक्ति २० प्रतिशत वा बढीमा ५०० रूपैयाँसम्म क्यासब्याक पाइने छ ।

त्यसैगरी, 'रमाईलो गरौंला' अफर अन्तर्गत क्युएफएक्स सिनेमा हलहरूमा टिकट खरिद गर्दा लक्ष्मी सन्राइज बैंकको डेबिट र क्रेडिट कार्ड वा मोबाइल मनि मार्फत भुक्तानी गर्दा २५ प्रतिशत वा बढीमा ५०० रूपैयाँसम्म एक पटक क्यासब्याक प्राप्त गर्न सकिनेछ । यो योजना कात्तिक महिनाभरी लागू हुनेछ । क्यासब्याक अफरहरू बाहेक असोज २५ गते देखि कात्तिक २५ गते सम्म विदेशबाट रेमिट्यान्स पठाउँदा ५०१ रूपैयाँ दक्षिणा प्राप्त गर्न सकिनेछ। यो योजना 'मेरो भूमि' रेमिट्यान्स खातावाला ग्राहकहरूका लागि ५० हजार रूपैयाँ भन्दा बढि रेमिट्यान्स पठाउँदा मात्र मान्य हुनेछ। सबै योजनाहरूमा क्यासब्याक अफर सकिएपछि प्रदान गरिनेछ । लक्ष्मी सन्राइज बैंकका सेवाग्राहीका लागि यो 'दशैं आयो' योजना दशैंका विभिन्न खर्च तथा गतिविधिमा क्यासब्याकको लाभ लिई दशैंलाई अझ रमाइलो बनाउने सुनौलो अवसर हो। अफरहरू बारे विस्तृत जानकारीका लागि फेसबूक र इन्स्टाग्राम लागायतका सोसल मिडिया फलो गर्नुपर्नेछ ।

हार्दिक बधाई

राष्ट्रिय विज्ञापन संघ नेपाल
National Advertising Association of Nepal
(NAAN)

राष्ट्रिय विज्ञापन संघ नेपालको
प्रथम वार्षिक साधारण सभा
तथा
वार्षिकोत्सवको
उपलक्ष्यमा संघको प्रवर्द्धन, विकास
तथा समृद्धिका लागि हार्दिक मंगलमय
शुभकामना ।

कृष्ण कार्की
प्रबन्ध निर्देशक
तथा
प्रभाव पब्लिकेसन प्रा. लि. परिवार

अब मात्र एक क्लिकमा...
www.prabhabonline.com
facebook www.facebook.com/Prabhab Online
प्रभाव दैनिक

प्रभाव पब्लिकेसन प्रा.लि.द्वारा प्रकाशित मुद्रण: एक्सप्रेस कलर प्रेस, कार्यालय: काठमाडौं-७, सिफल, नेपाल फोन नं.: ०१-४३७३५७७, ०१-४५८४३६८, इमेल: prabhabdailynews@gmail.com, विज्ञापनका लागि: marketing2prabhab@gmail.com, प्रबन्ध निर्देशक: कृष्णबहादुर कार्की, सम्पादक: विष्णु तामाङ